# धर्मकीर्ति

धर्मकीर्ति

The Dharmakirti


धम्मसङ्गणि पाठ गर्नुहुँदै श्रद्धेय भिक्षु संघ


विभङ्ग पाठ गर्नुहुँदै श्रद्धेय भिक्षु संघ


धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय श्रद्धेय भिक्षु संघ


पुग्गलपञ्ञति पाठ गर्नुहुँदै श्रद्धेय भिक्षु संघ


कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय भिक्षु संघ


यमक पाठ गर्नुहुँदै श्रद्धेय भिक्षु संघ


पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय भिक्षु संघ

भिक्षुणी डा. धम्मवती गुरुमांको ९३ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठको झलक

वर्ष: ४४, अङ्क: ५

बु.सं. २५७०, गुंपुन्हि:

# श्रद्धेय भिक्षुणी डा. धम्मवती गुरुमांको ९३ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मङ्गल पाठ गर्नुहुँदै महायानी गुरुहरु लगायत बज्रयानी गुरूजुहरू र गुरुमांजुहरू




मङ्गल पाठ गर्नुहुँदै श्रद्धेय महायानी गुरुहरू




मङ्गल पाठ गर्नुहुँदै श्रद्धेय बज्रयानी गुरुजुहरू



मङ्गल पाठ गर्नुहुँदै श्रद्धेय बज्रयानी गुरुमाजुहरू

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५७०

नेपाल सम्बत् ११४६

इस्वी सम्बत् २०२६

बिक्रम सम्बत् २०८३

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**28th AUGUST 2026**


| वर्ष– ४४ | अङ्क– ५ | गुंपुन्हि | भाद्र २०८३ |
|---|---|---|---|


★ **अक्कोच्छि मं अवधि मं – अजिनि मं अहासि मे**
**ये च तं उपनह्यन्ति – वेरं तेसं न सम्मति**

★ **जितः बोबिल, जितः दाल, जितः त्याकल, जिगु लुटेयात धकाः गुम्हसिनं बार बार मती तई, उम्हसिया बैरभाव गुबलें शान्त जुईमखु ।**

★ **मलाई गाली गऱ्यो, मलाई कुट्यो, मलाई हरायो, र मेरो लुटेर लग्यो भनेर जसले आफ्नो मनमा बराबर सोच्ने गर्छ, त्यसको मनमा कहिले पनि बैरभाव शान्त हुँदैन ।**

★ He abused me, he beat me, he defeated me, he robbed me - in those who harbor such thoughts hatred will never cease.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय- जीवनको सफलता आफैमा निर्भर | – | ३ |
| ३) | क्षण भंगुर संसार | – सत्यनारायण गोयन्का | ४ |
| ४) | पारिवारिक धन | – भिक्षु अश्वघोष | ७ |
| ५) | जीवन उन्नतिका लागि अत्यावश्यक अङ्गहरू | – भिक्षुणी डा. धम्मवती | ९ |
| ६) | धर्मको चैत्य | – प्रेम (प्रेमा) लक्ष्मी तुलाधर | ११ |
| ७) | शान्तिको लागि बुद्ध शिक्षा बुझौं | – विद्याकुमारी वज्राचार्य | १२ |
| ८) | अष्टमहास्थन बौद्ध तीर्थाटन २०८२ नियात्रा ... | – प्रदिप शाक्य 'घोषक' | १३ |
| ९) | जनरल अलेक्जेण्ड कनिंघम-२ | – रत्नसुन्दर शाक्य | १४ |
| १०) | मति राम्रो भए गति राम्रो हुन्छ | – श्यामलाल चित्रकार | १८ |
| ११) | मरणानुस्मृति भावना | – नेपाली सम्यक सम्बोधि प्राणपुत्र | २० |
| १२) | Victory Over Mara : Psychic ... ... | – Lekh Ratna Shakya | २४ |
| १३) | समाचार | – | १९ |


## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | वि.सं. २०८३ श्रावण | बुद्धपूजा गर्नुहुने श्रद्धेय प्रव्रजित गुरुमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय प्रव्रचक व्यक्तित्वहरू |
|---|---|---|---|
| १ | १ गते शुक्रबार, संक्रान्ति | क्षान्तिवती | क्षान्तिवती गुरुमां |
| २ | ६ गते बुधबार, अष्टमी | शुभवती | शुभवती गुरुमां |
| ३ | ८ गते शुक्रबार, दशमी | जवनवती | सयादो उ सुजनपिय |
| ४ | ९ गते शनिबार, एकादशी | जवनवती | भिक्षु बोधिज्ञान महास्थविर |
| ५ | १० गते आइतबार द्वादशी | जवनवती | भिक्षु निग्रोध महास्थविर |
| ६ | ११ गते सोमबार त्रयोदशी | जवनवती | भिक्षु सोमरत्न महास्थविर |
| ७ | १२ गते मंगलबार चतुर्दशी | जवनवती | भिक्षु पियदस्सी महास्थविर |
| ८ | १३ गते बुधबार पूर्णिमा | जवनवती | भिक्षु कौण्डञ्य महास्थविर |
| ९ | १४ गते बिहिबार पारु | जवनवती | भिक्षु पञ्ञासार महास्थविर |
| १० | १५ गते शुक्रबार द्वितीया | जवनवती | महायानी गुरु ल्हारक्याल लामा,<br>वज्रयानी गुरु डा. नरेश वज्राचार्य |
| ११ | २१ गते बिहिबार अष्टमी | दानवती | दानवती गुरुमां |
| १२ | २७ गते बुधबार औंशी | खेमावती | खेमावती गुरुमां |

## ▪ सम्पादकीय ▪

# जीवनको सफलता आफैमा निर्भर

दुन्ट राजकुमार अति दुष्ट, क्रोधी र कठोर स्वभावका थिए। त्यस राजकुमारले राजा लगायत राजपरिवारका कुनै पनि सदस्यहरूलाई हप्काउन बेर लगाउँदैनथ्यो। आफ्नो छोराको यस्तो कुवानी देखी राजा चिन्तित रहने गर्थ्यो।

एकदिन राजाले सोच्न थाल्यो– "मेरो छोरोलाई नैतिकवान् तपस्वी बाहेक अरू कसैले तह लगाउन सक्ने छैन। यति सोची राजाले राजकुमार दुन्टलाई नैतिकवान् र ज्ञानी तपस्वीको जिम्मा लगाई दरवार फर्के। तपस्वीले पनि राजाको समस्या समाधान गर्ने वचन दिनुभयो।

तपस्वीले एकदिन राजकुमारलाई साथमा लिई बगैंचा घुम्न जानुभयो। यही क्रममा तपस्वीले राजकुमारलाई एउटा पात भएको नीमको सानो बोट देखाउँदै भन्नुभयो– "राजकुमार ! यस बोटको एउटा पात टिपी यसको रस चाखेर हेर त। कस्तो हुँदो रहेछ।"

आफ्नो गुरु तपस्वीको आज्ञा पालन गरी राजकुमारले उक्त पात टिपेर खाएछ। पातको रस चपाउँदा राजकुमारको जीऊ सिरिङ्ग हुन थाल्यो। पातको रस सहन नसक्ने गरी तीतो रहेछ। क्रोधी राजकुमारको क्रोधको सीमा नाघेछ। उसले रिसाउँदै थू थू गरी चपाइएका पातका टुक्राहरू भूईंमा थुक्न थाल्यो।

यो देखी तपस्वीले सोध्यो– "के भयो राजकुमार ? किन थुकेको ?"

राजकुमारले भन्यो– "भन्ते यो विरुवा त हलाहल विषको विरुवा पो रहेछ। यो विरुवालाई कलिलैमा उखेलेर फालौं। यो विरुवा ठूलो हुँदै गएपछि यसले धेरै मानिसहरूको ज्यान नै लिने खतरा छ। एउटा मात्र पात रहेको यो चार अंगुलको मात्र उँचाई रहेको यस बोट अहिले नै यस्तो खतरनाक छ भने ठूलो भएपछि यसले कति हानी गर्ने होला ?

यति भन्दै उसले त्यस नीमको बोट उखेली हातले माडेर च्यातचुत पारी रीसले फालिदिएछ ।

कुमारको यस्तो वचन सुनी तपस्वीले उसलाई सम्झाउँदै भन्नुभयो– "कुमार ! तिमीले ठीक भन्यौ। सानोमा त यस्तो तीतो रस भएको विरुवा ठूलो भएपछि कति तीतो हुने होला हगि ? तीतो रस धेरैलाई मन नपर्ने रहेछ। त्यसैले तिमीले यस बोटलाई उखेलेर टुक्रा-टुक्रा गरी फाल्यौ। ठीक त्यसरी नै कडा वचन र कठोर व्यवहार पनि सबैको लागि तीतो नै हुन्छ। राजकुमार ! यस देशका जनताहरूले पनि तिमी क्रोधी र कठोर स्वभावको भएको कुरा थाहा पाइरहेका छन् र अनुभव पनि गरिरहेका छन्। क्रोधी र कठोर स्वभाव यस बोटको तीतो स्वाद जस्तै कसैलाई मन पर्दैन। जसरी यो बोट ठूलो भएपछि कतिलाई हानी गर्ला भनी तिमी डरायौ। त्यसरी नै क्रोधी स्वभाव भएको तिमीले ठूलो भएपछि कसरी राज्य चलाउला ? राज्यको उन्नति र प्रगति कार्य कसरी सञ्चालन गर्ला ? निर्दोष जनताहरूलाई दुःख दिने त होइन यसले ? ... ... आदि आदि भन्दै उनीहरू तिमी देखेर त्रसित छन्। यदि तिमीले आफ्नो खराब बानी त्याग्न सकेनौ भने तिमीले जसरी यस विरुवा उखेली फालिदियौ। त्यसरी नै जनताले पनि तिमीलाई राज्य नदिईकन देश निकाला गर्न बेर लगाउँदैनन्। यस्तो गर्‍यो भने के गर्ने ? भन त ! त्यसैले तिमीले पनि नीमको बोट तीतो रस जस्तै आफ्नो कडा मिजास र खराब बानी र व्यवहार त्यागी आज देखि शान्त स्वभावले रही सबैलाई आफू जस्तै ठानी दया, माया र स्नेह गर्न सिक।

गुरु तपस्वीको यस्तो ज्ञानबर्द्धक उपदेश सुनी राजकुमार निन्द्रबाट बिउँझिएका व्यक्ति जस्तै आफ्नो खराब आचरणहरूलाई चिन्न सक्षम भए। फलस्वरूप आफ्नो गलतीहरूलाई आफैंले महशूस गरी त्यसदिन देखि आफ्नो अभिमानी स्वभाव र क्रोधी स्वभावलाई त्यागेर शान्ति, मैत्री र दयायुक्त व्यवहार अपनाउँदै लोकप्रिय बन्दै रमाईलो एवं सफल जीवन जीउन थाले।

त्यसैले हामीले भन्न सक्छौं, आफ्नो जीवन सफल पार्ने जिम्मा आफैंमा रहेको छ।



# क्षण भंगुर संसार

✍ सत्यनारायण गोयन्का

शील, समाधि, प्रज्ञा; शील, समाधि, प्रज्ञा - यी तीन वटामा धर्मको सारा कुरा अटेको छ । साधक शीलको पालन गर्दै समाधिमा पुष्ट हुँदै प्रज्ञाको विकास गर्ने प्रयास गर्दछ । तब शरीरमा हुने सम्वेदनालाई समता पूर्वक हेर्ने प्रयास गर्दछ र प्रज्ञाको विकास गर्दछ । प्रत्यक्ष ज्ञान जाग्छ र सत्यलाई अनुभूतिको स्तरमा थाहा पाउँदछ । शुरुमा अनित्य बोधिनी प्रज्ञा अर्थात् अनित्यको बोध हुन थाल्छ । यो सारा शरीरको प्रपञ्च, यो सारा चित्तको प्रपञ्च कति अनित्य छ, कति नाशवान छ । यी कुरालाई अब केबल परम्परागत मान्यताको आधारमा, केवल श्रद्धाको आधारमा या केवल बुद्धिको आधारमा मात्र स्वीकार गरेको नभई अनुभवद्वारा पनि जान्न थाल्छ । यो सारा शरीर, यो सारा चित्तको प्रपञ्च जहाँ अनुभव गर्न थाल्यो त्यहीं उत्पन्न भएर नष्ट हुन्छ; उत्पन्न हुन्छ - नष्ट हुन्छ । यो अनित्य बोधिनी प्रज्ञा जति-जति पुष्ट हुँदै जान्छ अब त्यति नै दुःख बोधिनी प्रज्ञाको विकास हुँदै जान्छ । अनित्य बोधिनी प्रज्ञाको आधारमा नै दुःख बोधिनी प्रज्ञाको विकास हुन्छ । बाहिरी संसारमा जुन भिन्न-भिन्न कारणले दुःख हुने हो त्यसलाई बुद्धिद्वारा बुझ्न सकिन्छ तर अब यो शरीर भित्र जुन सत्यको दर्शन गरिएको हो, अनुभवद्वारा जुन थाहापाइरहेको हो - त्यही दुःख हो । शरीरमा हुने सम्वेदनाहरूलाई हेर्दै जाँदा कहिले काहीं ज्यादै दुःखद् सम्वेदनाहरू महसूस हुन्छ, पीडा हुन्छ, थिचेको - गह्रुङ्गो, गर्मी आदि महसूस हुन्छ । यी त दुःखद् नै दुःखद् भयो, तब अनुभवले भन्दछ कि यो दुःख हो । तर यतिले मात्र दुःख बोधिनी प्रज्ञाको विकास जति हुनुपर्ने हो त्यति हुँदैन । यी स्थूल-स्थूल दुःखद् सम्वेदना मात्रै हुन् ।

साधकले अभ्यास गर्दै जाँदा यी दुःखद् सम्वेदनहरू तिक्ष्ण प्रज्ञाद्वारा हेर्न थाल्यो भने ती वेदनाहरू विभाजन हुँदै-हुँदै विघटन हुन थाल्छ र टुक्रा-टुक्रा हुँदै सूक्ष्म सम्वेदनामा बदलिनेछ । चारैतिर तरंग नै तरंग बडा आनन्द महसूस हुन्छ, बडा सुख महसूस हुन्छ । सारा शरीर र सारा मन रोमाञ्चित हुन पुग्छ । बडो आनन्द आउँछ तब साधक आफूले के के न अनुभव गरेको जस्तो ठान्दछ । आफूलाई मोक्ष प्राप्त भएको ठान्दछ, मुक्त भएको ठान्दछ, परमात्मा प्राप्त भएको ठान्दछ, ब्रह्मानन्द प्राप्त भएको ठान्दछ । तब साधक कुडेर आचार्यलाई भेट्न आईपुग्छन् र भन्छन् – "आज त धेरै राम्रो भयो । यस्तो आनन्द-त्यस्तो आनन्द प्राप्त भयो, यति छोटो समयमा यस्तो आनन्दको अनुभव भयो यो मेरो कल्पना भन्दा परको थियो । मैले जे प्राप्त गर्नुपर्ने थियो मलाई त्यो प्राप्त भयो ।

यो त शरीर र चित्तको क्षेत्र नै हो, अनित्यको क्षेत्र नै हो यसलाई साक्षीभावले हेर्दै जानुपर्छ, तटस्थभावले हेर्दै जानुपर्छ । उसले यो कुरालाई बुझ्नै सक्दैन किनभने किताबहरूमा पढेको थियो नि ध्यान बसेपछि यति आनन्द आउँछ, यस्तो आनन्द आउँछ । अब आनन्द आयो, अब अरू के नै चाहियो र ?

साँझ हुन थालेपछि फेरि भेट्न आएर भन्छ कि – "आज विहान अनुभव गरेको जस्तो आनन्द अहिले आएन । मेरो साधना खराब भयो । विहान त ध्यान राम्रो थियो, बडो आनन्द महसूस भएको थियो । अब फेरि दुःखद् सम्वेदनाहरू आउन थाले । जता हेऱ्यो अप्रिय नै अप्रिय हुन थाल्यो ।"

त्यो पनि त अनित्य हो नि । तिमीलाई जुन सुखद अनुभव भएको थियो त्यो पनि नित्य होईन । शरीर र चित्तको क्षेत्र हो नि, शरीर र चित्तको सारा क्षेत्र अनित्य हो, नश्वर हो, परिवर्तनशील हो, यो प्रतिक्षण बदलिरहन्छ, बदलिरहन्छ । अब यस्तो स्वभावलाई तिमीले आनन्द मानेर त्यस प्रति आसक्ति बनायो भने दुःख हुने नै भयो । यो दुःख हुनुको कारण पनि यही हो कि जुन आनन्द, जुन सुख छँदै छैन त्यसलाई सुख मानेर त्यसप्रति आसक्ति बनाएको भयो । आशक्ति नबनाएको भए यस समय उदास हुनु पर्ने थिएन, निराश हुनुपर्ने थिएन र दुःख पनि हुने थिएन । त्यसैले बुझ्नु कि जुन अनित्य छ त्यो मेरो सुखको कारण कहिल्यै हुन सक्दैन । जुन अनित्य छ त्यसलाई सुख मान्न थालें भने धोखा नै धोखा हुन्छ । यो कहिल्यै पूरा हुने कुरा होईन । सांसारिक भाषामा जसलाई सुख भनेर भन्थ्यौं ती सबै शरीर

चित्तको क्षेत्र भित्र हुन्, इन्द्रियको क्षेत्र नै हुन्, इन्द्रिय भन्दा परको अवस्था होईनन् । नित्य, शाश्वत, ध्रुवको अवस्था होईन त्यसैले दुःख नै दुःखको अवस्था हो । तब अनित्य बोधिनी प्रज्ञाको साथमा दुःख बोधिनी प्रज्ञा पनि विकास हुन्छ, पुष्ट हुन्छ र एक समय यस्तो अवस्था आउँछ तब अनात्मबोधिनी प्रज्ञाको विकास हुन्छ, अनात्मबोध हुन्छ ।

यो अनात्म शब्द बुझ्न अलि गाह्रो छ । साम्प्रदायवादी र दार्शनिकहरूद्वारा यो शब्दको अर्थ नै बदलिदियो । यसलाई विवादको विषय बनायो, झगडाको विषय बनायो । आफू भित्र हेर्न थालेपछि थाहा हुन्छ कि सबै अनित्य छ, भंगुर छ । परमाणुका पुञ्ज उत्पन्न हुन्छन् नष्ट हुन्छन् । कलापहरूका पुञ्ज उत्पन्न हुन्छन् नष्ट हुन्छन् । यी परमाणुहरू र कलापहरूका बिचमा पनि खाली भाग छन् । पृथ्वी, अग्नि, वायु, जलबाट बनेका यी कलाप, एक कलाप र अर्को कलाप बीचमा पनि खाली भाग, आकाश छ । माथिबाट हेर्दा यस्तो ठोस स्थूल लाग्ने यो शरीर साधना गर्दै गएपछि त्यस अवस्थासम्म पुग्दछ जहाँ खाली नै खाली, आकाश नै आकाश, शून्य नै शून्य । त्यहाँ हल्का तरंग बनिरहेको हुन्छ । ती पनि उत्पन्न हुन्छन्, नष्ट हुन्छन् । तरंग नै तरंग उत्पन्न हुन्छन्, नष्ट हुन्छन् । यी मध्ये कुन चाहींलाई म भनूँ, यो सारा शरीर-स्कन्ध तरंग नै तरंग बुदबुदे नै बुदबुदे । कुन चाहिं तरंगलाई म भनूँ ? क्रमशः नष्ट भईरहेको छ नष्ट भई रहेको छ । यहाँ 'म' भन्ने कुनै वस्तु नै छैन ।

त्यस्तै कसलाई 'मेरो' भनूँ ? जुन आफ्नो, जसमा मेरो आधिपत्य छ, मेरो प्रभुत्व छ, मेरो अधिकार छ त्यही मेरो हुनुपर्ने । तर यो शरीरमा आफ्नो अधिकार भन्ने नै कहाँ छ ? न चित्त स्कन्धमा नै मेरो अधिकार छ ? यो शरीर अनि चित्त यी दुबै उत्पन्न हुन्छन् – नष्ट हुन्छन् । प्रतिक्षण परिवर्तन भईरहेको छ, भरिवर्तन भईरहेको छ । मेरो अधिकार भएको भए मैले रूक भन्दा परिवर्तन नहुनुपर्ने हो । अथवा यसरी परिवर्तन होऊ भन्दा त्यस्तै प्रकारले परिवर्तन हुनुपर्ने हो । कसले सुन्ने ? प्रत्येक क्षण परिवर्तन भईरहेकै छ । त्यस्तो, आफ्नो कसरी हुन सक्छ ? त्यसैले मेरो भन्ने पनि केही छैन । अनुभव गरेपछि थाहा हुँदै जान्छ । केवल बाहिरी बौद्धिक ज्ञानले खूब भन्न सक्छ सारा-संसार अनित्य छ, नश्वर छ, भंगूर छ । तर त्यसप्रति यति धेरै आसक्ति छ, यति धेरै राग छ, द्वेष छ । किनकि अनुभवद्वारा जानेको ज्ञान होईन, प्रज्ञाको विकास भएको छैन ।

प्रज्ञाको विकास भएको छैन भने के गर्छ ? मान्छे, चालीस वर्ष हुन थालेपछि कपाल फुल्न थाल्छ । ऐनामा हेर्दा देखिराखेको हुन्छ । तब कालो रंग ल्याएर केश रंगाउन थाल्छ, कि अझै बूढी भएको छुईन । होईन म बूढा भएको छुईन । म अझै तन्नेरी छुँ । कसलाई ढोका दिईरहेको हो, अरूलाई ढाँटिरहेको छ, संसारलाई धोखा दिन चाहन्छ ? आफूले आफैलाई धोखा दिन चाहन्छ । तर प्रकृतिलाई कसरी धोखा दिन सक्छ र ? बूढो त आफै हुँदै जान्छ । जिर्ण भएर गईरहेको हुन्छ, आफ्नो मृत्यु तिर दौड लगाईरहेको हुन्छ । यसको होश कसरी हुन्छ ? यसलाई अनुभवले जान्नु पर्छ ।

यहाँ 'मेरो' भन्ने पनि छैन, 'म' भन्ने पनि छैन, मेरो आत्मा भन्ने पनि छैन । सबैतिर तरंग नै तरंग, बुदबुदे नै बुदबुदे । सबै अनित्य नै अनित्य । सबै तरंग नै तरंग । बुद्धिले सुनेको भरमा यो शरीरलाई आत्मा मानिन्थ्यो, चित्तलाई आत्मा मानिन्थ्यो अब अनुभवले थाहा भयो नि स्थूल लाग्ने यो शरीर पनि तरंग नै तरंग, चित्त पनि तरंग नै तरंग । अब के यो तरंगलाई आत्मा मान्ने ? होश आउन थाल्छ । आत्मा भनेको के हो ? सबै बदलिरहेको छ, सबै अनित्य छ, नश्वर छ, भंगुर छ । यी आत्मा होईनन् । राम्ररी थाहा हुँदै जान्छ । 'अनात्मबोध' पुष्ट हुँदै जान्छ ।

जब अनित्य बोध, दुःख बोध, अनात्मबोध पुष्ट हुन्छ तब प्रज्ञाको साथ-साथै बुद्धिको विकास पनि हुन थाल्छ । जो ब्यक्ति बाहिरको दुनियाँलाई हेरेर आफ्नो बुद्धिको विकास गर्छ ऊ बुद्धिमान हुन्छ । तर जो ब्यक्तिले भित्रको सत्यलाई हेरेर प्रज्ञाको विकास गर्छ ऊ कायस्थ हुन्छ, बाहिरी र भित्र दुबै क्षेत्रका ज्ञाता प्रज्ञामय पनि बुद्धिवान पनि । प्रज्ञाको विकास भयो भने सम्पूर्ण दुनियाँ र जगतका कुराहरू स्पष्ट स्पष्ट थाहा हुन थाल्छ ।

यो सारा शरीर परमाणुहरूद्वारा बनेको पुञ्ज, बुदबुदेका पुञ्ज, यो परमार्थ सत्य हो । यसमा 'म' भन्ने 'मेरो' भन्ने केही पनि छैन । तर पनि ब्यवहार जगतमा म भन्नु पर्ने हुन्छ मेरो भन्नै पर्ने हुन्छ । यस्तो नभने ब्यवहार गर्न कठिन पर्छ । ब्यवहारमा म मेरो, तँ तेरो सबै भन्नु पर्छ । यस प्रति आसक्ति जाग्नु भएन । यसरी होश आउन थाल्छ ।

यो होशको विकास कसरी हुन्छ ? विपश्यनाको शुरुमा पहिला स्वासलाई हेर्‍यौं पछि शरीरको यात्रा गर्न थाल्यौं । शुरूमा स्थूल-स्थूल घनिभूत सम्वेदनाहरू सामना गर्दै त्यसलाई साक्षीभावले हेर्दै-हेर्दै तिनीहरू विघटन-विभाजन हुँदै यस्तो अवस्थासम्म आईपुग्यो कि अब स्थूलता कतै छैन, संघनता कतै छैन । सबैतिर तरंग नै तरंग छ, बुदबुदे नै बुदबुदे छ, परमाणु नै परमाणु छ, यो परमार्थ सत्य हो । यसप्रति सजग रहन्छ । तर होश रहेन प्रवचन सुनेको भरमा, बैज्ञानिकको कुरा सुनेका भरमा समस्त ब्रह्माण्ड तरंग नै

तरंग हो । यहाँ तरंग बाहेक अरू केही छैन । सबै तरंग नै तरंग मानिरह्यो भने के हुन्छ ? यो मेरो शरीर पनि तरंग, यो रुख पनि तरंग, यो खम्बा पनि तरंग । लौ तरंग त हो नि भनेर एक लात खम्बालाई दियो भने के हुन्छ खुट्टा भाँचिन्छ नि । बाहिर होश पुऱ्याउनु पर्छ । बुद्धीले पनि काम गर्नुपर्छ, प्रज्ञाले पनि काम गर्नुपर्छ ।

यो भित्रको सत्य हेरेर आसक्ति नजागून्, यो शरीर प्रति आसक्ति नजागून्, त्यसैले यो विपश्यनाको अभ्यास गरिरहेका छौं । यसलाई सुखद् ठानेर कतै यस प्रति राग नबनून् । यसलाई दुखद् ठानेर कतै यस प्रति द्वेष नबनून् । यसलाई दुखद् ठानेर कतै यस प्रति द्वेष नजागून् । यही होशको विकास हुनुपर्छ । साक्षीभावले, तटस्थभावले जानिरहेछौं । मन समतामा स्थित छ, मनको संतुलन कायम छ भने अब जीवन कति सुखद हुन थाल्छ । असल जीवन जिउन थाल्नेछ, जीवन जिउने कला सिकिन्छ । बाहिरी जगतमा जिउन सिक्दछ, बुद्धिको प्रयोगद्वारा हरेक कुरालाई टुक्रा-टुक्रा गरि हेर्न सिक्नेछ । विभाजन गर्दै-गर्दै हेरिनेछ । विघटन गर्दै-गर्दै हेरिनेछ । त्यसको विश्लेषण गर्दै-गर्दै हेरिनेछ र राम्रो बुझिनेछ । यस्तो गरेर हेरिएन भने यो संगठन - समूहको प्रति जुन आसक्ति छ, संश्लिष्ट हुनुको कारण यसप्रतिको प्रेम छ त्यसलाई टुक्रा-टुक्रा गरि, अलग-अलग गरि हेर्न जानियो भने त्यस प्रतिको प्रेम हट्नेछ । यस्तो गर्न जानिएन भने एकजना पुरुष एकजना नारीको संगठित शरीरलाई हेरेर खूब आकर्षित हुनेछ । एकजना नारी पुरुषको संगठित शरीरलाई हेरेर आकर्षित हुनेछ र खूब वर्णन गर्नेछ ।

अब प्रज्ञा र बुद्धिको विकास भईसकेको छ भने हेरौं कि यो बडो राम्रो लाग्ने शरीरमा के राम्रो छ ? टाउको देखि शुरु गरौं । सबैभन्दा पहिला त यो टाउकोको केश राम्रो मानिन्छ । यो कोमल केश, सलक्क परेको केश । तर एउटा केश खानामा पऱ्यो भने के हुन्छ ? चिच्याउन थाल्छ कि – "छि खानामा केश, यो फोहोर केश, खानामा ?" खाना नै फ्याँकिदिन्छ । रातदिन तारिफ गर्दै बसेको सुन्दर केश खानामा पर्दैमा यस्तो चिच्याउनु पर्ने किन ? यो राम्रो केश खानामा आयो, खानुपर्ने हो नि ! किन कराको ? अरे जबसम्म शरीरमा थियो नि तबसम्म सुन्दर हो । शरीरबाट अलग हुने बित्तिकै राम्रो पन हटिसक्यो । वास्तविकता देखिन थाल्यो ।

यो सुन्दर शरीरमा हेर्दै गयौं भने दाँत धेरै सुन्दर लाग्छ । मोतिको पंक्ति जस्तो, लस्करै मिलेको दाँत । एउटा दाँत झऱ्यो भने के हुन्छ, मोति हातमा आयो नि, दराजमा थन्काउनु पर्ने हो नि । तर हाडको टुक्रा भनेर फ्याँकिन्छ । जबसम्म संश्लिष्ट थियो तबसम्म मात्र राम्रो लाग्छ । अलग हुने बित्तिकै हाडको टुक्रा हुन्छ, सुन्दरता कता गयो ? त्यस्तै हातका नङ्गहरू सुन्दर लाग्छ । अझ नेलपोलिश लगाएको नङ्ग धेरै सुन्दर, लुगासंग मिल्ने नेलपोलिश लगाएको अति सुन्दर नङ्ग । अब त्यही नङ्ग खानामा आयो भने के हुन्छ ? यस्तो फोहर नङ्ग मेरो खानामा ? चिच्याउन थाल्छ, खाना सबै खराब भयो । सुन्दर नङ्ग, स्वादिलो खानामा परेपछि त झनै दुगुणा सुन्दर हुनुपर्ने, किन चिच्याएको ? होश आउनु पऱ्यो, जबसम्म शरीरसंग जोडिएको थियो तबसम्म सुन्दर लाग्छ, शरीरबाट अलग हुने बित्तिक्कै सुन्दर लाग्दैन ।


मानौं प्रकृतिले, निसर्गले वा भनौं परमात्माले, ईश्वरले हामी माथि दया गरेर हो अन्यथा यो हाम्रो शरीरको भित्रका अंगहरू बाहिर र बाहिरका अंग भित्र भएको भए के हालत हुन्थ्यो ? लट्ठी लिंदै कौवा, चील, गिद्ध, कुकुर, बिरालो आदिलाई धपाउँदै रहनुपर्ने हुन्थ्यो । यो सुन्दर लाग्ने शरीर भित्र के छन् ? शरीरका नौ वटा ढोकाहरू छन् के चाहिं सुन्दर पदार्थ बाहिर निस्किन्छन् ? साँच्चै भित्र सुन्दर पदार्थ भए पो निस्किन्छ नि ! ती द्वारहरूबाट के राम्रो निस्किएका छन् ? त्यसैले सुन्दर के का लागि भन्दै छौं ?

यसको मतलब हर कसैलाई छी तिमी गन्हाउने मान्छे, तिमी बुदबुदेको थुप्रो भन्ने भनेको होईन । प्रज्ञाको विकास भयो भने होश आउन थाल्छ । प्रज्ञाको विकास भयो भने धर्मको विकास हुन थाल्छ । प्रज्ञाको विकास भयो भने निर्मल हुन थाल्छ । निर्मलता बढ्न थाले पछि मैत्री, करुणा, सद्भावना, माया-प्रेम बढ्नेछ । कसैप्रति घृणा हुने छैन । तब प्रज्ञा पुष्ट हुनेछ । अन्यथा बुद्धिद्वारा हजारौं कुरा भने तापनि त्यसको असर जीवनमा आउँदैन । लाभ हुन सक्दैन । जीवनमा धर्म छायो भने शील पनि पुष्ट हुन थाल्छ, समाधि पुष्ट हुन थाल्छ, प्रज्ञा पुष्ट हुन थाल्छ तब चित्त निर्मल हुन थाल्छ । निर्मल चित्तको जीवन जिउन थाल्नेछ, जीवन जिउने कला सिकिन्छ ।

सुख-शान्ति पूर्वक कसरी जिउने ? कसरी त्यस्तो जीवन जिउने ता कि आफ्नो पनि मंगल होस् र अरूको पनि मंगल होस् । आफ्नो पनि कल्याण होस् र अरूको पनि कल्याण होस् । आसक्त भएर जिउने हो भने दुःखी बन्नेछ । मान्छे आफू दुःखी भयो भने आफू वरिपरिको वातावरण सबै दुःखी बनाउने छ, तब त जिउन आएन नि । त्यसैले धर्म धारण गर्नु पर्छ । त्यसैले धर्ममा पुष्ट हुनुपर्छ । चित्त निर्मल हुँदै जावस् । यो शरीर र चित्तको क्षेत्रलाई खूब थाहा पाउनुपर्छ । यो सारा इन्द्रियका क्षेत्र हुन्, यी अनित्य हुन्, नश्वर हुन्, भंगुर हुन् । यसप्रति कतै राम्रो मानेर

*( क्रमशः पेज २० मा हेर्नुहोला )*

# पारिवारिक धन



✍ **भिक्षु अश्वघोष**

रुपैयाँ पैसा, शील, एकता, निरोगी र ऋणबाट मुक्त जीवनलाई बुद्धले पारिवारिक धन भन्नु भएको छ।

परिवार भन्नाले विवाहित गृहस्थ जीवन हो। अर्को भाषामा भन्ने हो भने श्रीमान्, श्रीमती, छोरा-छोरी, बुहारी आदिको समूहलाई परिवार भन्ने गरिन्छ। एक परिवार निर्विघ्न पूर्वक र सुखपूर्वक अगाडि बढ्नका लागि माथि उल्लेखित ५ वटा आवश्यक बुँदाहरूलाई विस्तृत रूपमा यसरी व्याख्या गर्न सकिन्छ –

१) **धनसम्पत्ति वा रुपैयाँ पैसा** :

एक सफल पारिवारिक जीवनको लागि व्यवहारिक रूपमा सबभन्दा आवश्यक साधन नै धन सम्पत्ति हो। धार्मिक जीवन पद्धतिका लागि मानिसमा नभई नहुने उत्तम धन श्रद्धा र आस्थालाई लिइएको छ भने पारिवारिक जीवन सफल, सन्तुष्ट बनाइराख्नका लागि र सुखी जीवनयापनका लागि धन सम्पत्ति अति आवश्यक साधन हो। हुन त सम्पत्ति भन्ने बित्तिकै घर, खेत, सुन चाँदी पनि पर्दछ। तर यहाँ मुख्यतया रुपैया पैसालाई धन भनिएको हो। पैसा नभएमा मनले शान्तिको श्वास फेर्न सकिँदैन। निर्धनताको चिन्ताबाट मुक्त रहन सकिन्न। अर्को शब्दमा भन्ने हो भने धन भएन आध्यात्मिक शान्ति प्राप्त गर्ने कार्यमा सफल हुन सक्दैन। किनभने बिना पैसाको मानिसको मन कसरी धन कमाउने भन्ने चिन्तामा दगुर्न थाल्छ। धनको लोभमा लोभी बन्न पुग्छ। त्यसैले गौतम बुद्धले भन्नुभएको छ– "समाजमा अपराधको प्रमुख कारण नै गरीबी हो। गरीब मानिसले जहाँ गए पनि सुखको श्वास फेर्न नसकिने हुन्छ। धार्मिक स्थलमा गए पनि उसले राम्रो स्थान पाउन सकिरहेको हुँदैन। किनभने कतिपय मानिसहरूले त्यस गरीब व्यक्तिलाई विश्वास गर्न नै सकिरहेको हुँदैन। यसरी विना पैसाको मानिसले समाजमा नैतिकता जोगाउन कठिन परिरहेको हुन्छ। त्यसैले भगवान् बुद्ध भन्नुहुछ–

"एक गृहस्थ व्यक्तिले धन कमाउने कार्यमा खूब मेहनत गर्नुपर्दछ। तर कालोबजार गरेर धन कमाउने होइन इमान्दारीताका साथ परिश्रम गरेर धन कमाउनु पर्दछ। यसरी कमाएको धनलाई रक्षा पनि गर्न सक्नु पर्दछ। खान पुग्ने मात्रामा मात्र धन कमाएर पुग्दैन। आफूले कमाएको धनलाई चारभागमा विभाजन गर्नु पर्दछ। उदाहरणको लागि जम्मा चारसय रुपैया (रु. ४००/-) कमाएको छ भने एक भाग (रु. १००/-) खानको लागि दुईभाग (रु. २००/-) धन आर्जन कार्यमा लगानी गर्नको लागि अर्को एक भाग (रु. १००/-) भई परिआउने खर्च (बिरामी पर्दा औषधी खर्च, नाता-कुटुम्बहरू र पाहुना सत्कारको लागि र धार्मिक कार्यमा खर्च गर्नका लागि) रकम सुरक्षित साथ संगाली राख्नु पर्दछ।" त्यसैले बुद्धले परिवारको लागि धन नभइनहुने साधन भन्नु भएको हो।

२) **शील** –

दोस्रो पारिवारिक धन शील सदाचार हो। परिवारका सबै सदस्यहरूको आचरण, रहन सहन राम्रो भएमा मात्र उक्त घरमा शान्त वातावरण छाउने छ। परस्पर विश्वास रहिरहनेछ। शील, सदाचार र राम्रो आचरण भएका व्यक्तिहरू अरू मानिसहरूको लागि पनि विश्वास पात्र बन्न सक्नेछन्। फलस्वरूप अरूले फलाना मानिसको स्वभाव ज्यादा राम्रो रहेछ, सहनशील र अभिमानरहित व्यक्ति हुनुका साथै पढेलेखे अनुसार नरम स्वभावका भई जेठापाकाहरूलाई सम्मान गर्न जान्ने रहेछ आदि आदि भन्दै प्रशंसा गर्न थाल्छन्। यसरी कीर्ति र प्रशंसा फैलिएका राम्रा आचरण भएका छोरा-छोरीका आमाबुबाले सुखी र सन्तुष्टपूर्वक जीवनयापन गर्ने मौका पाउनेछन्। जुन परिवारका सदस्यहरूबाट आ-आफ्ना कर्त्तव्य पालन हुन्छ र आ-आफ्ना चरित्र राम्रो बनाउन सक्छन्। यसलाई उक्त परिवारको दोस्रो धन (शील सदाचार धन) भनिन्छ।

३) **एकता** –

एकतालाई तेस्रो पारिवारिक धनको रूपमा लिन सकिन्छ । एउटा परिवारमा जति पनि सदस्यहरू हुन्छन्, उनीहरूको मन एक आपसमा मिल्नु पर्दछ । एक आपसमा मतभेद भइरह्यो र पारस्परिक मेलमिलाप हुन सकेन भने एकता कायम हुन सक्दैन । जुन परिवारमा एकता हुन्छ त्यहँ कलह कम हुन्छ । सधैं शान्त वातावरण छाइरहनेछ । जहाँ एकता हुन्छ, त्यहाँ स्वर्गको सुख अनुभूति हुन्छ । तर कुनै-कुनै परिवारमा असन्तुष्ट र झगडाको निहुँ खोज्ने झगडालु स्वभावका मानिसहरू पनि हुने गर्छन् । यस्तो नराम्रा प्रवृत्तिका मानिसहरूको सामू हामीले बुद्ध वचन पालन गरी उपेक्षा चित्त अगाडि सारी तटस्थ भई व्यवहार गर्न सकेमा मात्र एकता कायम हुनेछ ।

परिवारमा मेलमिलाप गरी जीवन बिताउनका लागि अखवारमा प्रकाशित एक वृहद परिवारको दृष्टान्तको आदर्श लिन उचित ठानी यहाँ प्रस्तुत गर्दैछु ।

"एउटै भान्छामा खान्छन् चार पुस्ताका ६८ जना"

बेचैपुर बर्दिया गुलरिया नगर पालिकामा थारु परिवारमा कहिले कहिले छिटफुट कचकच झगडा हुने गर्छ । त्यसबेला सबै परिवार जम्मा भएर कुराकानी गरी शान्त हुन्छ ।

यसरी एक थारु परिवारमा ६८ जनाको एउटै भान्छा भन्ने कुरा सुन्दा धेरैजसोलाई अचम्म लाग्न सक्छ । त्यसैले यस संसारमा असम्भव चाहिं केही छैन केवल गाऱ्हो मात्र छ । एक आपसमा मेलमिलाप गरी आ-आफ्नो कर्त्तव्यलाई भित्री मन देखि नै श्रद्धा राखी पूरा गर्नसके हरेक परिवारमा शान्ति हुनेछ । यसको साथै परिवारका सदस्यहरूमा त्याग भावना हुनुपर्छ, संकीर्ण विचार धारालाई हटाउन सक्नुपर्दछ । यो ज्ञान र धर्मको कुरा हो ।

(४) **निरोगी** –

बुद्ध भन्नु हुन्छ– "आरोग्या परमा लाभा" अर्थात् संसारमा सबभन्दा ठूलो लाभ नै स्वास्थ्य लाभ हो । सन्चै छु भन्न पाउनु नै ठूलो सुख हो । रोगी भएर अरूलाई दुःख दिएर बस्नुपर्दा आफू सहित घर-परिवार सबैलाई ठूलो दुःखको अनुभव हुनेछ । रोग सबैको लागि कलंक हो । रोगीको रूपमा जीउनुपर्ने व्यक्तिको लागि अपार धनसम्पत्तिका साथै दरवार जस्तो ठूलो भवन आफ्नो नाममा भए पनि उसको मनले सुखको अनुभव गर्न कदापि सक्दैन ।

त्यसैले बुद्धले कुनै एक गृहस्थ व्यक्तिलाई परिवारमा रही निरोगी जीवनयापन गर्नका लागि आवश्यक पर्ने चारवटा तत्वहरूको यसरी व्याख्या गर्नु भएको छ ।

(क) पोषिलो खाना (२) बस्ने ठाउँको राम्रो व्यवस्था हुनु (३) मौसम अनुसारको लुगाफाटोको व्यवस्था हुनु (४) आफूसंगै रहने व्यक्ति असल मनसाय वा असल बानी-व्यवहार सहितको हुनु ।

(५) **ऋणी नहुनु** –

ऋणबाट मुक्त जीवनलाई पनि पारिवारिक धनको रूपमा लिन सकिन्छ । तर खर्च अनुसार आम्दानी पर्याप्त नहुनाले वा आम्दानी अनुसार खर्च गर्न नजान्नाले पनि अर्कासंग पैसा सापटी लिंदै पारिवारिक जीवनयापन गर्न बाध्य भइरहेको हुन्छ । जीविकाको लागि चाहिने आधारभूत आवश्यकता पूर्ति गर्न सकिएन भने बाध्य भएर अर्काको अगाडि हात फैलाउनु पर्ने अवस्था आउन सक्दछ ।

**"देहीतिवचनं काण्ठं नास्तीति वचनं"**

अर्थात्- मलाई देऊ भनेर माग्नु पर्दा भने मनमा खल्लो र नियास्रो लाग्ने हुन्छ । यसरी नै माग्न आउने बेलामा माग्ने व्यक्तिलाई दिन नसकी छैन भन्नु पर्दा पनि नरमाइलो नै लाग्दछ ।


आजभोली ठूलठूला पदमा आसीन रहने व्यक्तिहरूले नै घूस खाने गर्छन् । यसरी घूस खाने त खान नपुगेर होइन आफ्नो विलासी र ऐय्यासी जीवनबाट पनि सन्तुष्ट बन्न नसकी तृष्णा आशक्त चित्तको वसमा परी घूस खाने गरेका हुन् । तत्कालिन एक प्रधानमन्त्रीले एकपटक यसरी भन्नुभएको थियो–

"घूस खाने हाम्रो संस्कार नै बसिसक्यो ।" आजभोली ऋणबाट मुक्त व्यक्ति विरलै पाइन्छन् । ठूलठूला होटलवाला, बस यातायात मालिक, हवाइ यातायात कम्पनी वाल ऋणबाट मुक्त छैनन् भन्ने सुनिन्छ । बुद्ध शिक्षा अनुसार आफूसंग भएको धनले सन्तुष्ट बन्न सके ऋणी जीवनबाट मुक्ति पाउन सकिन्छ । ऋणी जीवन सुखी जीवन होइन । काम गर्दा इमान्दारी र विश्वासपात्र बन्न आवश्यक छ ।

यसरी बुद्ध शिक्षाका उपर्युक्त ५ वटा बुँदाहरू आजभोलीका लागि एकदम ताजा र मननयोग्य देखिन्छ ।

■

# जीवन उन्नतिका लागि अत्यावश्यक अङ्गहरू



✍ **भिक्षुणी डा. धम्मवती**

*शासन धज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित, महासद्धम्म जोतिक धज*

हाम्रो जीवन उन्नति गर्नका लागि महत्त्वपूर्ण अङ्गहरूले पूर्ण रहन आवश्यक छ । ती महत्त्वपूर्ण अङ्गहरू यसरी रहेका छन् –

(१) आफूले रोपेका राम्रो कर्मरूपी वीऊको भाग्यरूपी फल (२) मेहनत

(३) प्रज्ञा सहितको ज्ञान

यी माथि उल्लेखित महत्त्वपूर्ण अङ्गहरूले पूर्ण रहन सक्ने व्यक्तिको जीवनमा यथासिघ्र उन्नति अभिवृद्धि हुनेछ । पूण्यकार्य गर्न नसक्ने व्यक्तिको जीवनमा भाग्यरूपी फल फल्न सक्दैन । फलस्वरूप उसको जीवनमा उन्नतिको बाटो पनि खुल्न सक्दैन । यस्तो अवस्था आउने समयमा के गर्नु मैले पहिलाको जन्ममा धर्म कर्म गर्न सकिन होला, त्यसैले यस जन्ममा भाग्यरूपी फल पाउन पनि सकिएन भन्दै अलसी र निष्क्रिय जीवन बिताउन खोज्नु मूर्खता हुनेछ । किनभने जसले यही जीवनमा मेहनती बनी राम्रा र असल धार्मिक कार्यहरू गरी धर्मको रक्षा गर्दछ, उसले आफ्नो जीवनमा नयाँ भाग्यरूपी फल प्राप्त गरी सुखी बन्न सक्नेछ । मूख्य कुरो त मेहनतको रहन्छ । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ –

**वीरियावतों किं नाम कम्मं नसिभ्कति**

मेहनत गर्न सकेमा जुनसुकै ठूला कार्यहरू पनि सफलतापूर्वक सम्पन्न गर्न सकिनेछ । यस कथनलाई विश्वास दिलाउनका लागि प्रमाणको रूपमा म्यानमारमा घटेको सत्य घटनालाई प्रस्तुत गर्न सकिन्छ ।

यस सत्य घटनाको प्रमुख नायक साहुको सालिक हालसम्म पनि म्यानमारमा यथावत राखिएको छ । उक्त साहुका नाती पनातीहरूलाई हालसम्म पनि म्यानमारमा भेट्न सकिन्छ । त्यसैले यस घटनालाई हामीले कथाको रूपमा नभई सत्य तथ्य घटनाको रूपमा लिन सकिन्छ ।

पहिला संसारमा अंग्रेज सरकारको बाहुल्यता रहेको बेला म्यानमारमा पनि उनीहरूले नै राज्य चलाएका थिए । त्यसबेला म्यानमारमा दूध, घ्यू, जस्ता दूधजन्य पदार्थहरू सजिलै बजारमा उपलब्ध थिएनन् । मारवाडीहरु शाकाहारी भएको कारणले उनीहरूको खानामा दूध र घ्यूको आवश्यकता रहने भएकोले म्यानमार निवासी मारवाडीहरूले आफ्नै घरमा गाई पाल्ने गर्थे । ती मारबाडीहरू मध्ये एकजना मारवाडी साहुले पनि गाई पाल्नका लागि ३ जना नोकरहरू पालिराखेका थिए । एकजना नोकरले गाई चराउन लाने गर्थ्यो भने अर्को एकजनाले गोठमा गोवर सफा गर्थ्यो र त्यस्तै अर्को नोकरले दूध दुहुने काम गर्थ्यो । यी ३ जना नोकरहरू मध्ये गाई चराउन लाने नोकर ज्यादै सीधा-साधा स्वभावका गरीब व्यक्ति थिए । उनकी श्रीमतीले चौबाटोमा बसी दिनभरी रोटी (एकप्रकारको बर्मी रोटी) पकाउँदै बेचेर कमाउने गर्थिन ।

यसरी यी दुबै जोडीले बिहानै भात पकाएर खाने गर्थे । श्रीमती चाहिंले आफ्ना श्रीमान्लाई दिउँसोको खाजाको लागि ठूलठूला २ वटा रोटीहरू पकाएर दिने गर्थिन् । श्रीमान् चाहिँ दिनभरी गाई चराउन जान्थ्यो । श्रीमती चाहिँ दिनभरी रोटी पकाई बेच्ने गर्थिन । यसरी यी दुबैले अति मेहनतपूर्वक जीवन गुजारीरहेका थिए ।

एकदिन गाई चराइरहेका गोठालो कहाँ एकजना भिक्षु भिक्षा माग्न आउनु भएछ । गोठालोले दिउँसो आफ्नो खाजाको लागि लगिराखेको रोटी नै भिक्षाको रूपमा दान दिएर पठाएछ । गोठालोले उक्त भिक्षुको चीवरबाट पानी रसाउँदै भ्करिरहेको देख्यो । यो दृष्य देख्ने बित्तिकै उक्त गोठालाले विचार गन्यो - "भिक्षु उपगुप्तले दु:खीहरूलाई उपकार गर्नको लागि समय-समयमा भिक्षा माग्न आउने गर्नुहुन्छ भन्ने कुरा सुन्दै आइरहेको छु । उहाँले भिक्षा माग्न आउनु हुँदा पनि एउटा न एउटा भिजेको चिन्ह साथमा लिएर आउनु हुन्छ भन्ने कुरा सुनेको थिएँ । आज

पनि भिक्षा माग्न आउनु भएका भिक्षुले भिजेको चीवर लगाएर आउनु भएको छ । उहाँको चीवरबाट तप-तप पानी चुहिरहेको देखें । तर उहाँको खुट्टा भने भिजेको छैन । शायद उहाँ नै उपगुप्त भन्ते हुनसक्छ । यदि उहाँ उपगुप्त भन्ते नै हो भने त मेरो रोटी दान त उत्तम पूर्ण क्षेत्रमा पर्ने भयो" आदि भन्दै उक्त व्यक्ति आफ्नो दान कार्य सम्झदै दंग परिरहे ।

त्यसपछि भिक्षु उपगुप्त फेरि उक्त गोठालाकै श्रीमती रोटी पकाई बेचिरहेको ठाउँमा भिक्षा माग्न जानु भएछ । त्यहाँ जानुहुँदा उहाँको चीवर भिजेको थिएन भने खुट्टा भिजी घुँडा मुनिबाट पानी बगिरहेको थियो । यो दृष्य देखी रोटी बेचिरहेकी त्यस महिलाले विचार गरिन् "शायद भन्तेको पिशाव सम्बन्धि रोग होला । त्यसैले उहाँको पिशाव बगिरहेको होला । धेरैबेर पर्खाइरहन उचित हुन्न ।" यस्तो विचार गरी उनीले भन्तेलाई छिटो नै रोटी दान दिएर पठाइन् ।

राती श्रीमान्-श्रीमती दुबैजना आ-आफ्ना काम सिद्धाई घर फर्के । त्यसबेला श्रीमान् चाहिले श्रीमतीलाई भने - "आज छिटो भात पकाउनु है । मैले दिउँसो खाजा खान पनि पाएको छैन । एकजना भन्तेले जंगलमा भिक्षा माग्न आउनु भएको थियो । त्यसैले मैले मेरो लागि लगेको खाजा (रोटी) भिक्षाको रूपमा भन्तेलाई दान दिएर पढाएँ । अब हाम्रो दुःख हटिने देखिन्छ । भिक्षा माग्न आउनु हुने भन्ते त मेरो विचारमा उपगुप्त भन्ते नै हुनुहुन्छ जस्तो लाग्यो किनभने मैले सुनिराखे अनुसार उपगुप्त भन्ते आउनु हुँदा जे भएपनि भिजेको चिन्ह लिएर आउनु हुन्छ भनेर सुनेको थिएँ । आज भिक्षा माग्न आउनु हुने भन्तेको पनि चीवर भिजेर चीवरबाट पानी तप-तप बगिरहेको थियो । त्यसैले हाम्रो रोटी त आज पवित्र पात्रमा परेको जस्तो लाग्यो । यो कुरा सुनी श्रीमती चाहिले पनि भनिन्- "म कहाँ पनि आज एउटा भन्तेले भिक्षा माग्न आउनु भएको थियो । तर उहाँको चीवर त होइन घुँडा मुनिबाट पानी रसाउँदै तलतिर झरिरहेको थियो । यो देखी मैले त उहाँ भन्तेको पिशाव सम्बन्धी रोग छ होला, धेरैबेर परखाईराख्न हुन्न भनी मैले पनि रोटी दान दिएर पठाएकी थिएँ ।

मेरो रोटी पनि उत्तम भिक्षुकै पात्रमा पऱ्यो कि कसो ? भन्दै खुशी हुन थालिन् ।

यो घटना घटेको दुई तीन दिन पश्चात् गोठालो दाईले गाई चराई सबै गाई गोठमा बुझाई गोठमा ताल्चा लगाएर साँचो मारवाडी साहुकहाँ बुझाउन जाँदा साहुले उसलाई बोलाएर भनेछ–

"बाबु ! तिमी एकदम दुःखी देखिन्छौं । तिम्रो कर्ममा भाग्य नभएकोले दुःखी भएको हो कि पैसा लगानी गर्न नसकी दुःखी भएको हो । एकपटक मलाई जाँच्न मन लाग्यो । त्यसैले मैले तिमीलाई ५ हजार रकम लगानी गर्नको लागि दिएर पठाउँछु । त्यो रकम लिएर तिमीले लगानी गरी अर्को नयाँ कामको थालनी गर । भोलीदेखि यहाँ गोठालो भई गाई चराउन नआए पनि हुन्छ ।" यति भनी मारवाडी साहुले उसलाई पाँचहजार रुपैयाँ दिए । त्यसबेला पाँचहजार रुपैया भनेको थुप्रै हुने गर्थ्यो । गोठालाले त्यो रुपैयाँ पछि आफूले तिर्न सकिने हो होइन भन्दै सापटीको रूपमा उक्त पाँच हजार रुपैयाँ लिन डराए । डराउँदै उसले भन्यो– "साहुजी ! मैले अरु केही पनि काम गर्न जान्दिन । रकम लगेर खर्च हुँदै गयो भने त मैले तपाईंलाई त्यत्रो रकमको ऋण कसरी तिर्ने ? भयो साहु लान्न त्यो रकम । मलाई यही गोठालो काम नै ठीक छ ।"

यो कुरा सुनी मारवाडी साहुले भन्यो– "पीर लिन पर्दैन । यो रकम लगी काम गरी पैसा कमाउनु । नाफा कमाउन सके मात्र मलाई तिर्नु । यदि तिम्रो धर्ममा पैसा कमाउने भाग्य नै रहेनछ र साँवा रकम नै डुबेछ भने मलाई पैसा तिर्न आउनु पर्दैन । फेरि यहाँ नै आई यही गाई चराउने काम नै गर्न आउनु ।"

यति भनी साहुले गोठालोलाई रकम सापटी दिएर पठाए । अनि त्यस गोठालाले त्यो रकम लगी बर्माकै एउटा प्रान्त श्याममा गई राम्रा-राम्रा काठका मुढाको व्यापारमा लगानी गरेछ । तर त्यसवेला श्याममा ठूलो लडाई हुने हल्ला चलिरहेको थियो । त्यसैले काठका मुढाको व्यापारीहरुको काठहरू सबै बिचल्लीमा परिरहेका थिए । यही मौकामा गोठालो त्यहाँ पुगी ती काठको मुढाहरू किन्न गए । अनि त्यस काठका साहुहरूले उसलाई धेरै सस्तो मूल्यमा काठहरू बेचेर पठाएछ । यसरी त्यस गोठालाले तीन-चारपटक बर्माबाट श्याममा पुगी सस्तो मूल्यमा काठहरू किनी बर्मा भित्र्याउन सफल भए । ४ पटक श्याममा पुगी काठको व्यापार गरेपछि त्यस गोठाला

*( क्रमशः पेज १३ मा हेर्नुहोला )*

# धर्मको चैत्य



✍ प्रेम (प्रेमा) लक्ष्मी तुलाधर
*नरदेवी, न्यतः*

धर्मलाई रक्षा गऱ्यो (धर्म पालन गऱ्यो) भने धर्मले हामीलाई रक्षा गर्छ । जसले धर्मलाई रक्षा गरेको हुन्छ त्यसलाई धर्मको चैत्य भन्दछ ।

धर्मलाई पालन गर्न दान, शील, ध्यान भावनालाई राम्ररी बुझ्नु पर्दछ । चित्तलाई संयममा राखी, बुद्धले सिकाउनु भएको ज्ञानलाई बुझेर आचरण परिशुद्ध गर्न सक्नुलाई नै धर्मको चैत्य मानिन्छ ।

हामीले विहारमा गएर गुरुमांहरूले धर्मदेशना गर्नु भएको ज्ञानलाई यथार्थ रूपमा बुझेर धर्मको चैत्य हुनसक्नु पर्दछ । त्यस विषयमा वीर्यवती गुरुमांले होलिपूर्णिमाको दिनमा दिनुभएको धर्म देशना धेरै राम्रो ज्ञानबर्द्धक र सबैले सम्झिराख्नु पर्ने भएको हुनाले मेरो मनका कुरा यस लेखमा पोख्न चाहेकी हुँ ।

बुद्ध भगवान् र कोसल नरेश प्रसेनजितको उमेर एकै थियो । जब बुद्ध ४० वर्ष कै थिए, त्यो बेला देखि हरेक क्षेत्रमा बुद्धलाई परिक्षा गरेर बुद्ध साँच्चै नै सम्पूर्ण ज्ञानले सम्पन्न भएको सम्यक सम्बुद्ध हो कि होइन भनेर बुझ्न खोजेको रहेछ । बुद्ध भगवान् धर्मको चैत्य भएको हुनाले राजा प्रसेनजितको मनमा भगवान् उपर हृदय देखि श्रद्धा उत्पन्न भएर बुद्धको पाउ समातेर ढोगेर म्वाई खाएर हर्षले गद्‌गद् भएर बुद्ध, धर्म संघ समक्ष वन्दना गर्नुभएको थियो । यो अन्तिम ८० वर्षको उमेरमा गर्नुभएको थियो ।

बुद्ध भगवान् र राजाको उमेर कुल त्यही भए पनि धेरै फरक भएको कुरा राजाले महसुस गर्नुभयो । किनभने भगवान् सम्पूर्ण ज्ञानलेयुक्त, पवित्र, क्लेश निर्मूल भएको साथै बुद्धको धर्म र संघ पनि परिशुद्ध हुनाले बुद्ध समक्ष क्षमा माग्नु भएको र वन्दना गर्नुभएको कुरा धर्म देशनामा भन्नु भएको थियो । जो यसप्रकार छन्–

१) जब भगवान् बुद्ध विहारमा बसेर ठूलो जनसमुहको बिच धर्मको छलफल गर्नु भएको बेला चिन्चमाणविकाले बुद्धको तर्फबाट गर्भवती भएको ढोंग गरेर बेइज्जति गर्न खोजेको बेला राजा प्रसेनजित त्यहिं बसेर हेरिरहनु भएका थिए ।

तर भगवान् बुद्धको पुण्य र सत्यको शक्तिले तुरुन्तै असत्यको पोल खोल्यो । पेटभित्र लुकाइराखेको पोको भुइँमा खसेर सबैको अगाडि आफ्नै बेइज्जति भयो ।

२) पूर्वाराम विहारमा बस्नु भएको बेला राजा प्रसेनजित आएर बुद्धलाई वन्दना गरेर एक छेउमा बस्नु भएको थियो । त्यो बेला ३५ जना साधुहरू त्यहिं विहारको अगाडिबाट गइरहेको बेला राजाले उनीहरूलाई घुँडाले टेकेर वन्दना गर्नुभएको थियो ।

अनि राजाले बुद्ध कहाँ आएर ती साधुहरू अर्हत हो कि होइन भनेर सोध्नु भएको बेला बुद्धले ती साधुहरू नक्कली कि सक्कली हो उनीहरूसंग बसेर थाहा पाउनुपर्छ भन्नुभयो ।

वास्तवमा ती साधुहरू राजाका दूतहरू रहेछन् । तर भगवानले सब कुरा थाहा पाएर पनि एकैचोटी तिम्रा दूत हुन् भन्नु भएन । त्यस परिक्षामा पनि भगवान नै सफल हुनुभयो र राजा आफूले छल गरेको कुरा महसुस गरेर शीर निहुरियो ।

३) बुद्धले परिषदमा धर्म देशना गर्नुभएको बेला भिक्षुहरू नचलिकन, नखोकिकन एकचित्तले सुनेर बसिरहन्थ्यो । खोकी आए पनि मुख बन्द गरेर अरूलाई बाधा होला भनेर बसेको पनि राजाले हेरिरहन्थे । भगवान् प्रति उनीहरूको आदर, गौरव र अनुशासन देखेर श्रद्धा झन् बढ्दै गयो र फेरि बुद्धलाई वन्दना गर्नुभयो ।

४) संसारका हरेक क्षेत्र वा सभा आदि ठाउँहरूमा मानिसहरू आफै-आफैमा झगडा गरिरहेका राजाले देख्नु भएको थियो तर बुद्धको संघमा मैत्री, करुणा, परस्पर मेल बाहेक झैझगडा केही नदेखेको त्यो पनि परिक्षा गरेर

हेरिरहनु भएका थिए । त्यसकारण बुद्ध, धर्म, संघलाई महान् भनेर फेरि वन्दना गर्नुभयो ।

५) कुनै-कुनै ठाउँ वा परिसदमा मानिसहरू साधु भएर पछि फेरि गृहस्थि भएर गएको राजाले देख्नु भएको थियो । तर बुद्धको शासनमा त्यस्तो केही नदेखेको त्यो पनि परिक्षा गरेर हेरिरहनु भएको थियो ।

६) प्रसेनजित राजाले बुद्ध शासनमा मात्र जाँच गर्ने होइन । हरेक संघसंस्थामा पनि जाँच गरेर हेर्नु हुन्थ्यो । कुनै-कुनै साधुहरू मान्छे अगाडि हुँदा मात्र आँखा चिम्लेर ध्यान गरिरहेको जस्तो गरी ढोंग गर्दथ्यो । त्यो पनि राजाले हेरिरहनु भएको थियो । तर बुद्धको संघमा सबैको हृदय देखि मन शुद्ध, पवित्र भएको र त्यस्तो ढोंग गरेर बसिरहने कोही नदेखेको हुनाले बुद्ध, धर्म, संघ प्रति हृदय देखि श्रद्धा उत्पन्न भएर भगवान्लाई वन्दना गर्नुभएको थियो ।

७) राजा स्वयमले आफ्नो जनतालाई आफ्नो काबुमा राख्न सक्नुभएको थिएन र राजा देखेर उनीहरू डराउँदैन थियो । तर बुद्ध भगवान्संग भने सबैले आदर, गौरब, श्रद्धा राखेर भनेजस्तो गर्दथे । यसकारणले पनि बुद्धलाई हृदय देखि वन्दना गर्नुभएको थियो ।

८) कामको लागि २ जना डकर्मी सहित राजा आफ्नो राज्य बाहिर जानु भएको थियो । राज्य बाहिरको काम सिध्याएर छलफल गरेर बुद्ध बस्नु भएको विहारतिर टाउको राखेर राजातिर खुट्टा राखेर सुतेको बेला राजालाई धेरै रीस उठेको थियो । तर मनलाई आफ्नो बसमा राखेर बुद्धप्रति गरेको श्रद्धा, सत्कार, मानमर्यादा देखेर बुद्ध भगवान् महान रहेछ भनेर थाहा पाइयो । बुद्धप्रति असिम श्रद्धा उत्पन्न भएर फेरि बुद्धलाई वन्दना गर्नुभयो ।

९) यो सबै बुद्धको जन्मजन्मान्तरको पुण्यको प्रभावले बुद्ध भगवान् धेरै प्रभावशाली भएको कुरा राजाले थाहा पाउनु भयो । आफ्नो पुण्य कम भएको पनि राजाले महसुस गर्नुभयो ।

यसरी राजाले ४० वर्ष देखि ८० वर्षको उमेर सम्म गरेको परिक्षामा बुद्ध भगवान् धर्मको चैत्य भएको कारण हो भनेर थाहा पाएर बुद्ध, धर्म, संघ प्रति अगाध श्रद्धा राखेर भगवान्को खुट्टा समातेर ढोकेर क्षमा मागेको कुरा यस धर्मदेशना पूज्य गुरुमां वीर्यवती गुरुमांले प्रष्ट पार्नुभयो ।

अन्तमा बुद्धले परिषदमा भन्नुभयो– धर्मको चैत्य बन्नको लागि धर्म अनुसार आचरण शुद्ध गरेर आफूलाई धर्मानुकुल उतार्न सक्नुपर्दछ । धर्मको रक्षा गर्नसकेमा सबैले मनपराउनुको साथै पाइलै पिच्छे धर्मले हामीलाई रक्षा गर्दछ र भाग्यमानी भएर हरेक क्षेत्रमा सफलता पाउन सकिन्छ । साथै धर्मको पुण्यको फल शस्त्रअस्त्र भन्दा पनि बलियो हुन्छ ।

धर्मकीर्ति विहारका अध्यक्ष पूज्यनिय, श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको संरक्षणमा यसरी गुरुमांहरूबाट धर्मदेशना सुन्न पाउनु हामीहरूको अहोभाग्य हो । त्यसैले पूज्यनिय गुरुमांहरू धम्मवती गुरुमां, दोगुणवती गुरुमां, रत्नमञ्जरी गुरुमां र अरू सबै गुरुमांहरूमा म, मेरी आमा लक्ष्मीनानी तुलाधर र सबै श्रद्धालुहरूको तर्फबाट हृदय देखि वन्दना गर्दछु ।

हामीहरू पनि धर्मको चैत्य भएर आचरण गर्दै मन शुद्ध गरेर बुद्धले पाउनु भएको ज्ञानलाई हामीहरूले पनि प्राप्त गरेर जन्म-मरणबाट मुक्त भएर निर्वाण पाउन सकौं भनेर कामना गर्दछु ।

भवतु सब्ब मंगलम् ॥

# शान्तिको लागि बुद्ध शिक्षा बुझौं



✍ **विद्याकुमारी वज्राचार्य**

झैझगडा मात्र गरी जीवन नफालौं  
मनको शान्तिको लागि एकअर्काको हातेमालो गरौं  
बुद्ध शिक्षा अध्ययन गरी मनमा शान्ति ल्याऔं  
नेपाली भई नेपाललाई स्मृद्धिशाली बनाऔं  
काम नगरी माम नपाउने शिक्षालाई पनि बुझौं  
हातमुख जोड्न मेहनत गर्नुपर्ने शिक्षालाई बुझौं  
जसको शक्ति उसको भक्ति भन्ने भ्रममा नपरौं  
नेपाली दाजुभाई दिदीबहिनी हातेमालो गर्दै जाऔं  
उद्योग व्यापार नै भौतिक सुखको आधार भनी जानौं  
अर्काको मुख ताकेर बस्ने विचारलाई त्यागौं

# अष्टमहास्थन बौद्ध तीर्थाटन २०८२
# नियात्रा संस्मरण – २



✍ प्रदिप शाक्य 'घोषक'
*नयाँ बानेश्वर-३१, काठमाडौं*

**यात्रा दिन – तेस्रो**

**२०८२ चैत्र २७ गते, बुधबार**

सदा झैं विहान सबेरै करिब ३ बजेतिर निन्द्रा देवीको काखबाट अलगिगएर दैनिक सरसफाई कर्म सम्पन्न गरी नित्यपाद सम्पन्न गरियो । प्रातः ५ बजे त जलपान गरी पुनः अगाडिको गन्तव्यको लागि तयार हुनु नै थियो । तसर्थ सोही समय तालिकालाई पछ्याउँदै अघि बढियो । बिहान ६:०० बजे हाम्रो गाडी नालन्दाको लागि हुईंकियो । करिब २ घण्टा पछि पटनाको ८ कि.मि. लामो गान्धी पुल माथि गुड्न थाल्यो । करीब १० बजेतिर नालन्दास्थित चाइनिज बुद्धिष्ट टेम्पल पुगियो । त्यसै स्थानमा नै भोजन लगायत आजको बासको व्यवस्था गरिएको बारे सबैलाई जानकारी गराउँदै यातायात संयोजकबाट बिश्रामको लागि आव्हान गर्नभयो ।

यसैबेला कोही यात्रीहरूले नजिकैको पसलमा गएर भारतीय सीमा रिचार्ज गर्न अग्रसर भए भने कसैले नयाँ सीम नै खरिद गरे । यत्तिन्जेलसम्म भोजन पनि तयार भइसकेको जानकारी प्राप्त भएपछि सबै भोजन तर्फ लाग्यौं । भोजन पश्चात् नजिकै रहेको नव नालान्दा विश्वविद्यालयको पुस्तकालय भ्रमण गरियो । जहाँ श्रद्धेय कुशलत्राणी गुरुमां, विनोदलाल बज्राचार्य एवं जगतमुनि बज्राचार्यज्यूहरूद्वारा उक्त पुस्तकालयबाट प्रकाशित पालि भाषामा लिखित ४१ वटा ग्रन्थहरूको समूह भएको त्रिपिटक १/१ सेट सहित अन्य केही पुस्तकहरू पनि खरिद गर्ने काम भयो । आफूले चैं संचित पालि वर्णमाला-१ र नागसेन चरित्र-१ थान किनियो । तत्पश्चात प्राचिन नालन्दा विश्वविद्यालयको पुरातात्विक एवं ऐतिहासिक संरचनाको उत्खनित भग्नावशेषको अवलोकन भ्रमण गरियो । उक्त अवसरमा एक भारतीय पर्यटकीय पथप्रदर्शकको सहायता लिइएको र उहाँले उक्त भग्नावशेषले ओगटेको १०X५ कि.मि. क्षेत्रफलमध्ये हाल १ कि.मि. क्षेत्रफल मात्र उत्खनन् भएको, त्यस स्थानमा निर्मित संरचनाको अवशेषहरूले ३ कालखण्डलाई दर्शाउने र उक्त विश्व विद्यालयको कारण नै एशिया लगायत विश्वको अन्य क्षेत्रहरूमा महायानी बुद्ध धर्मको प्रचार-प्रसार भएकोबारे गहन रूपमा जानकारी दिनुभएको थियो । त्यस्तै उहाँले उक्त भग्नावशेषमा अवस्थित तत्कालिन विश्व विद्यालयको संरचनागत दृष्टि, सांगठनिक एवं प्रशासकीय स्वरूप समेत बारे स्पष्ट पार्नुभएको थियो ।

आज गरिएको रात्री सुताई व्यवस्थापन अनुसार प्रत्येक कोठामा ७/७ जना रहने जानकारी भए अनुरूप दिनेश बज्राचार्य, जगत मुनि बज्राचार्य, राई बहादुर राई, दिनेश गौतम र सुरज डंगोल र करुणाको साथ रात बिताउन पाईएको थियो । *क्रमशः*


**जीवन उन्नतिका लागि अत्यावश्यक अङ्गहरू**

दाई त धनाढ्य व्यापारी बन्न सफल भए । यसरी भाग्य र मेहनत भएपछि साहु बन्नका लागि केही गाऱ्हो छैन । त्यसैले भनिएको पनि छ, भाग्य मात्र साथमा रहे कुनै पीर लिन पर्दैन ।

त्यस गोठालाबाट काठको व्यापारी बन्न पुगेको साहुको तर्फबाट मानिसको उचाईमा रहेको मूर्तिहरू बनाई बुद्ध जीवनी नै निर्माण गरी प्रदर्शनीको रूपमा हाल सम्म पनि म्यानमारमा राखिएको छ । उक्त साहुको सालिक पनि बनाएर राखिएको छ ।

त्यसैले भाग्य, मेहनत र बुद्धि जुटाउन सकेमा मानिसको उन्नति शिखरमा पुग्नेछ भन्ने कुरालाई यस सत्य घटनाले पुष्टि गरेको छ ।

त्यसैले मानिसहरूले ईश्वरले उध्दार गर्छन् भन्दै ईश्वर भक्तिमा मात्र लागी निष्क्रिय बन्ने बानीलाई त्यागी भाग्य, मेहनत र बुद्धि प्रयोग गरी आ-आफ्नो जीवनलाई उन्नति पथतिर लानु परेको छ । ■



# जनरल अलेक्जेण्डर कनिंघम-२

✍ रत्नसुन्दर शाक्य

भारतमा उहाँ विभिन्न बौद्ध तीर्थस्थलहरूको अवलोकन गर्दै सारनाथमा पनि पुग्नुभयो । सारनाथमा उहाँले त्यहाँका अवशेषहरूको ठूल्ठूला ईटाहरू आ-आफ्नो भवन बनाउन बैलगाडामा राख्दै लगिरहेको देख्न भएको थियो जुन दृश्य देख्नासाथै उहाँ तुरुन्तै तिनीहरूको सामू गई घोर विरोध गर्नुभयो । मामला चर्काचर्की भयो । अन्तमा काशीका तत्कालीन अंग्रेज जिल्लाधिशको उपस्थितिपछि, उहाँबाट सारनाथका ती प्राचीन अवशेषहरूको एक टुक्रा ईटा पनि कसैले लैजान नपाउने गरी चौकिदारको व्यवस्था गराउनुभएको थियो । यस बन्दोबस्त पछि मात्र भिक्षु महावीर सारनाथबाट कुशीनगर प्रस्थान गर्नुभएको थियो ।

भिक्षु महावीर महास्थविरको देनपछि २० सौं शताब्दीको शुरूदेखि श्रीलंकाका अनागारिक धर्मपाल आउनु भई एक छाप्रोको बन्दोबस्त गरी रहनुभएको थियो जसको उल्लेख सन् १९०४ मा उहाँ( लाई सारनाथमा दर्शन गर्न आउनुभएका पञ्जाब (कांगड़ा) का एक शिख तरूण श्री सन्तनिहालसिंह (भारतका प्रथम पत्रकार) ले उल्लेख गर्नुभएको छ ।

अत: २० सौं शताब्दीको शुरूदेखि अनागारिक धर्मपालको रेखदेखमा खुदाई एवं अन्य कार्यहरू प्रज्वलित हुँदै आएको थियो, जसमा "मूलगन्धकुटी विहार" को निर्माण पनि एक हो जसको उद्घाटन सन् १९३१ को नवम्बर महीनामा भएको थियो ।

**कुशीनगरको सन्दर्भमा :**

ब्रिटिश राज्यको स्थापनापछि विभिन्न ऐतिहासिक स्थलहरूको अनुसन्धान अन्तर्गत कुशीनगरमा पनि राजकीय अधिकारीहरू सर्वेक्षणको कार्यमा खटिएका थिए, जसमध्ये, सबभन्दा पहिले सन् १८३० को आसपासमा बुकानन नामक एक अंग्रेज पुरातत्त्वविद् कुशीनगर (कुशीनारा, कसिया) आएका थिए । उहाँ कसिया (वस्ती भएको ठाउँ) मा रहनुभएको थियो । उहाँले यस स्थानलाई :बतब प्फबच (माता कुमार) उल्लेख गर्नुभएको थियो । यसबारेमा उहाँले सन् १८३८ मा "त्यउयनचबउजथ बलम कतबतष्कतष्अक या भ्बकतभचलथ क्ष्लमष्ब" शीर्षकमा एक लेख लण्डनको एउटा पत्रिकामा प्रकाशित गर्नुभएको थियो ।

उहाँपछि सन् १८५४ मा एच. एच. विल्सन (ज. ज. ध्ष्कियल) नामक पुरातत्त्वविद् कुशीनगर आउनु भयो । उहाँले पनि तथ्य रूपमा केही भन्न नसके पनि सुझावको रूपमा कसिया नै प्राचीन कुशीनारा (बुद्धको महापरिनिर्वाण स्थल) हुनसक्छ भनी अठोट गर्नुभएको थियो ।

उहाँपछि अलेक्जेण्डर जनरल कनिंघम सन् १८६२ मा कुशीनगर आउनु भयो । उहाँलाई विशेषरूपमा भारतीय पुरातत्त्व बारेमा ज्ञान थियो । उहाँले सदियोंदेखि नामकरण गर्दै आएका कुशीनगरको नाम "माथाकुँवर" लाई "मृत कुमार" को अप्रभंशको रूपमा रहँदै आएको हुनुपर्छ भन्ने अनुमान गर्नुभयो । कुशीनगरमा देखिएको त्यो उजाड ठाउँलाई 'Fort of Dead Prince' (मृत कुमारको किल्ला) पनि उल्लेख गर्नुभयो ।

त्यसकारण उहाँले त्यस ठाउँलाई मृत शाक्य कुमार (बुद्ध) सित सम्बन्धित रहेको निर्णय लिनुभयो, जसबाट त्यस स्थान अवश्य पनि तथागतको महापरिनिर्वाण स्थल कुशीनारा नै हो भन्ने अठोट लियो

यसको १५ वर्ष पछि सन् १८७६ मा जनरल कनिंघमकै एक सहायक ए. सी. कार्लाइल नामक पुरात्त्वविद् कुशीनगर आउनुभयो । उहाँले विस्तृतरूपमा कुशीनगरमा रहेका ती भग्नावशेषहरूमा उत्खनन् कार्य शुरू गर्नुभयो जसको फलस्वरूप परिनिर्वाण स्तूप एवं परिनिर्वाण मन्दिरको भग्नावशेष पत्ता लगाउनु भयो ।

माटो एवं अन्य विभिन्न चीजबिजहरूले पुरिएको त्यस परिनिर्वाण मन्दिरको भग्नावशेषको उत्खनन् गर्दै जाँदा बुद्धको परिनिर्वाण मूर्ति आसनबाहेक अनेक टुक्रामा यत्रतत्र परिरहेको देख्नुभयो । त्यहाँको सम्पूर्ण सफाई गरिसकेपछि ज्ञात भयो कि पारेनिर्वाण मन्दिर र परिनिर्वाण स्तूप त्यसको अगाडि पछाडि बनिएको थियो ।

पुरातत्त्वविद् ए. सी. कार्लाइलले पूर्ण निरीक्षण पछि निर्वाणमूर्ति एकै पत्थरबाट बनाइएको थाहा पाउनु भयो । उहाँले मूर्ति धेरै पटक पलास्तर र पालिश पनि राखिएको कुरा पनि पत्तालगाउनु भयो । कयौं टुक्रामा छुट्टिसकेका ती सम्पूर्ण टुक्राहरू एकत्रित गरी त्यसको पुननिर्माण गर्नुभयो र मूर्ति पूर्व अवस्था (सदियों देखिकै) मै रहन आयो । झण्डै २० फीट लम्बाई भएको त्यस निर्वाण-मूर्तिको आसन (चबूतर) मुनि एक शिलालेख पनि थियो जसमा यी शब्दहरू उल्लेख थिए-

**"देय धर्मोयं महाविहार स्वामीनो हरिवलस्य ।**
**प्रतिमा चेयं घटिता दिनेन माथुरेण ।"**

**अर्थ :**

यो महाविहार स्वामी हरिवलको धर्मदान हो । यो प्रतिमा (मूर्ति) मथुरानिवासी 'दिन' (शिल्पकारको नाम) द्वारा निर्मित भएको हो ।

पाँचौं शताब्दीमा निर्मित यस निर्वाण मूर्ति कुशीनाराकै एक धनाध्य मल्लयुवक हरिबलले आफ्नो स्वर्गवासी पत्नी "पद्मावाला" को इच्छा अनुरूप बनाई दिएको थियो साथै आफ्नो श्रद्धाअनुरूप हरिवलले परिनिर्वाण स्तूप पनि बनाउनुभएको थियो ।

यसरी बुद्धको परिनिर्वाण स्थल कुशीनगर निर्विवाद रूपमा प्रमाणित हुन आयो । यसको प्रमुख श्रेय ए. सी. कार्लाइलाई नै दिन सकिन्छ । उहाँले यहाँ २ वर्षसम्म रही उत्खनन कार्य गर्नुभएको थियो । उहाँले परिनिर्वाण-मूर्तिको रक्षार्थ हाल (सन् १९५६ मा निर्मित) को भन्दा अगाडिको निर्वाण मन्दिर सन् १८७७ मा तयार गर्नुभएको थियो । यस मन्दिरमा परिक्रमा गर्न असुविधा हुनाको कारण पनि प. जवाहरलाल नेहरूको सरकारले २५०० सौं बुद्ध जयन्ती (सन् १९५६) को समयमा हालको नयाँ परिनिर्वाण मन्दिर तयार गरिदिएको थियो ।

कुशीनगर खुदाईको द्वितीय चरण सन् १९०४ देखि १९०७ सम्म भारतीय पुरातत्त्व विभागको रेखदेखमा जे. पी. एच. वोगल (व. एज., ख्यनबी) ले गरेको उत्खनन्लाई मान्न सकिन्छ ।

उहाँपछि तेश्रो चरणको रूपमा सन् १९१०-१२ सम्ममा श्री हीरानन्द शास्त्रीको तर्फबाट भएको गहन खुदाईलाई लिन सकिन्छ । श्री हीरानन्द शास्त्रीले दाहसंस्कार स्तूप (रामाभार) को पनि उत्खनन् कार्य गर्नुभएको थियो, जहाँ सन् १८६२ मा जनरल कनिंघमले पनि केही उत्खनन् कार्य गर्ने प्रयाशमात्र गर्नुभएको थियो ।

२० सौं शताब्दीको शुरूमा कुशीनगरमा भएको यस दोश्रो र तेश्रो चरणको खुदाई भिक्षु महावीर महास्थविरका सन्मुख हुनाको कारण पनि निकै प्रगति भएको थियो । भिक्षु महावीर महास्थविरपछि उहाँको बर्मी शिष्य ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) ले पनि कुशीनगरमा ७ दशकसम्म रहनु भई कुशीनगरका ग्रामीण जनताहरूलाई शिक्षाको साथै श्रद्धालु महानुभावहरूलाई दीक्षा पनि अटूट रूपमा दिंदै जानु भएको थियो ।

**लुम्बिनीको सन्दर्भमा :**

बुद्धको जन्मस्थल लुम्बिनीको अन्वेषण कार्यमा जनरल अलेक्जेण्डर कनिंघमको यथार्थ रूपमा केही देन देखिन नआए पनि ब्रितिशकालीन भारत सरकारले नै आफ्नो एक पुरातत्त्व अधिकृत जर्मनका डा. एलोइज एन्टोन फुहरर (Dr. Alois Anton Fuhrer) लाई सन् १८९५ मा नेपालगञ्ज नजिकैको उजाड भूभागमा एउटा अशोकस्तम्भ फेला पारेको खबर (सन् १८९३ को मार्च महीनामा बलरामपुरका मेजर श्री जसकारण सिंहद्वारा) प्राप्त हुनाको कारण, त्यसको खोजखबर गर्न पठाएका थिए । त्यसै वर्ष (मार्च, १८९५) मा डा. फुहररले लुम्बिनीको पश्चिम (कपिलवस्तु जिल्ला) निग्लीहवा भन्ने स्थानमा पनि अर्को एक ब्राम्ही लिपि कुदिएको अशोक-स्तम्भ फेला पार्नु भएको थियो, जुन हालसम्म पनि दुई टुक्राको रूपमा जमिनमा परिरहेको छ ।

त्यसबेला खड्गशम्शेर (जो रणोद्विपसिंहको हत्याकाण्ड-४२ साल पर्वमा शामिल थिए) पाल्पाका वडाहाकिमको रूपमा प्रधानमन्त्री वीरशम्शेर (शासनकाल, सन् १८८५-१९०१) द्वारा खटिएका थिए । उहाँ (खड्ग शम्शेर) को पुरातत्त्व विषयमा दिलचस्पी हुनाको कारण, रूम्मिनदेई (त्यसताका लुम्बिनीको नाम) को जङ्गलमा एउटा ढुंगे खम्बा जस्तो चीज जमिनमुनि गाडिएको कुरा

थाहापाउनासाथ उहाँले त्यस ठाउँमा गई त्यो खम्बा वरिपरि माटो खनी खम्बा निकाल्ने प्रयास गर्नुभएको थियो ।

त्यसैबेला भारतीय पुरातात्त्विक सर्वेक्षण विभागबाट खटिएका डा. फुहरर १ दिसेम्बर १८९६ का दिन खड्ग शम्शेरलाई भेट्न उपर्युक्त खोदाई भएको स्थानमा पुग्नुभएको थियो । उहाँले जमिनमुनि गाडिएको त्यस खम्बामा ब्राम्हीलिपिको अभिलेख पत्ता लागेपछि त्यसको अर्थ ब्राम्हीलिपि विशेषज्ञबाट ठम्याइए पछि भगवान बुद्धको जन्मस्थल लुम्बिनी उपवनमा सम्राट अशोकले ठडाएको खम्बा त्यही हो भन्ने प्रमाणित भयो, जुन १९ सौं शताब्दीको एक महान जाविष्कारको रूपमा मानियो ।

खड्ग शम्शेर र डा. फुहररद्वारा अशोक स्तम्भ पत्ता लागेपछि लगतै भारतका प्रसिद्ध पुरातत्त्वविद् श्री पूर्णचन्द्र मुकर्जी (ए. ऋ. :गपजभचवष) ले सन् १८९८-९९ मा वैज्ञानिक तवरबाट उत्खनन् गरी लुम्बिनीको पश्चिमतर्फका धेरै ऐतिहासिक स्थलहरूको पत्ता लगाउनुका साथै अस्पष्ट भइरहेको मायादेवीको मूर्तिलाई पनि सही रूपमा पहिचान गरी सकेपछि आफ्नो सम्पूर्ण रिपोर्ट (विवरण) सन् १९०१ मा प्रकाशित गर्नुभयो ।

उहाँपछि नेपालका सुप्रसिद्ध पुरातत्त्व, साहित्य एवं संस्कृतिप्रेमी फिल्डमार्शल जनरल केशर शम्शेरले सन् १९३३-३९ सम्म लुम्बिनीको उत्खनन कार्य गराउनुभएको थियो । उहाँको त्यस उत्खनन् कार्यबाट अनेक पुरातात्त्विक वस्तुहरू प्राप्त भएको थियो साथै मायादेवी मन्दिरको पनि जीर्णोद्वार गरी श्रद्धालु व्यक्तिहरूलाई सजिलैसित मायादेवीको मूर्ति दर्शन गर्न सक्ने गारी बनाइदिए ।, उहाँले मन्दिर अगाडिको कुण्ड (सिद्धार्थ जन्माउनु अगाडि मायादेवीले नुहाएको पोखरी) लाई पनि विस्तृत गरी बनाइदिए । जनरल केशर शम्शेरको उत्खनन् कार्य पछि सन् १९४४ को ३१ अक्टोवरकादिन सारनाथमा स्थापित “धर्मोदय-सभा” को तर्फबाट निरन्तर रूपमा लुम्बिनीको रेख-देख हुँदै आएको थियो ।

यसरी लुम्बिनीको सन्दर्भमा जनरल अलेक्जेण्डर कनिंघमको केही देन देखिन नआएपनि तथागतको अन्य ३ तीर्थस्थलको साथै नालन्दा, वैशाली र साँचीमा उहाँले गर्नुभएको खुदाईलाई कहिल्यै बिर्सन सकिंदैन । ती ठाउँहरूमा गरिएको खुदाईको संक्षिप्त वर्णन यसप्रकार छन् -

१) **नालन्दा** :

चीनी यात्री हुयन-साँङ्ग (सातौं शताब्दी को यात्रा विवरण र लामा तारानाथ (१६ औं शताब्दी) को बौद्ध धर्मको इतिहासको अध्ययनपछि जनरल कनिंघमले नालन्दामा आधुनिक अन्वेषणको कार्य शुरू गर्नुभयो । उहाँले सन् १८६२ मा पत्तालगाउनु भयो कि हुयन-साँङ्गद्वारा वर्णित नालन्दा- पटना जिल्लाको “वडगाँव” को आसपास मै हुनुपर्दछ । उहाँबाट तयार गरिएको “नालन्दा-विवरण” प्रकाशित हुनासाथै चीन, जापान, सियाम (थाइलैण्ड), सिंहल (श्रीलंका), बर्मा, तिब्बत आदि देशका बौद्ध यात्रुहरूको आगमन नालन्दामा शुरू हुँदै आयो ।

यसैको फलस्वरूप सन् १९१५ देखि नालन्दामा खुदाईको कार्य शुरू भयो । त्यस कार्यको निमित्त “Royal Society of Great Britain and Ireland” नामक संस्थाको मद्दतबाट भारतीय पुरातत्त्व विभागका डाइरेक्टर (निर्देशक) सर जॉन मार्शल र स्पूनर साहेबको रेखदेखमा शुरू भएको थियो । जुन कार्य पछि “भारतीय पुरातत्त्व सर्वेक्षण विभाग“ ले लिएको थियो । यस विभागले वैज्ञानिक तवरबाट खुदाई गर्नको निमित्त डा. हीरानन्द शास्त्रीलाई नालन्दा पठाएको थियो ।

यसरी लगातार रूपमा खुदाईको परिणामस्वरूप नालन्दाको गौरव पुनः एकपल्ट संसारमा प्रकट भयो । आज आएर प्रतिवर्ष लाखौंको संख्यामा देश-विदेशका यात्रुहरू नालन्दाको खण्डहर (प्राचीन विश्वविद्यालयको भग्नावशेष) अवलोकन गरी भारतको साँस्कृतिक महत्ताको अनुभव गरी फर्कन्थे ।

२) **वैशाली** :

वैशालीको बारेमा पनि जनरल कनिंघमले बौद्ध र जैनग्रन्थको अध्ययनको साथै हुयन-साँङ्गकै यात्रा विवरणबाट बैशालीको स्थानबारे पत्तालागे पछि उहाँ सन् १८६२ मै बैशाली पुग्नुभएको थियो । बैशालीको आधुनिक नाम “बसाढ“ को रूपमा रहेको छ त जैनग्रन्थमा उल्लिखित ‘वणिक्-ग्राम’ अनुरुप ’बनिया’ पनि रहन गएको छ, आज आएर ती दुबै संयुक्त रूपमा ’बनिया-बसाढ’ नामबाट सुविख्यात छन्, जुन उत्तर विहारको मुजफ्फरपुर

जिल्लामा अवस्थित रहेको छ ।

जनरल कनिंघमको बैशाली-विवरण सन् १८८० मा प्रकाशित भएको थियो । उहाँको बैशाली-विवरण हेरेर नै सन् १९०३-०४ मा त्यहाँको खुदाई गर्न "भारतीय पुरातत्त्व सर्वेक्षण विभाग" ले "डा. ब्लास" लाई नियुक्त गरिएको थियो । जनरल कनिंघमले आफ्नो खुदाईमा बौद्ध-साहित्यमा उल्लिखित 'कटागारशाला' को भग्नावशेष पनि पत्ता लगाउनुभएको थियो ।

डा. ब्लासले गर्नुभएको खुदाईपछि डा. स्पूनरले पनि सन् १९१३- १४ मा बसाढको खुदाई गराउनुभएको थियो, जुन खुदाईमा उहाँलाई मौर्यकालसम्मको सामग्री (चीज-बिज) प्राप्त भएको थियो ।

३) **साँची :**

सन् १८१८ मा सर्वप्रथम जनरल टेलरले सुप्रसिद्ध स्थान साँची पत्ता लगाउनुभएको थियो ।

सन् १८५१ मा अलेक्जेण्डर कनिंघम र उहाँको साथी केपटन एफ. सी. मेसीले स्तूप नं. २ र ३ भित्र विस्तारै उत्खनन गर्नुभएको थियो, जहाँबाट उहाँहरूले ५ फीट लामो एक पत्थर मुनि दुईवटा बाकस भेटाए, जुन बाकसभित्र सारिपुत्र र महामौदगल्यायन (बुद्धका अग्रश्रावकद्वय) को अस्थिधातु राखिएको थियो । उहाँहरूले ती पवित्र अवशेष (अस्थि-धातु) लण्डनमा पुर्‍याउनु भयो, जहाँको "केन्सिङ्गटन म्यूजियम" मा ती धातु सन् १९४७ को जनवरीसम्म राखिएको थियो । बल्ल, ती धातु 'महाबोधि सोसाइटी" को तर्फबाट भारतमा फर्काउन पाइएको थियो ।

जनरल कनिंघम र मेसीको देनपछि सन् १८८१ मा तत्कालीन संग्रहालयहरूको संचालक मेजर कोलले साँचीको पहाडी क्षेत्रलाई साफ गर्नुभएको थियो । उहाँ ३ वर्षसम्म रही बडो कुशलताकासाथ प्राचीन स्मारकहरूको सुरक्षा गर्नुभएको थियो ।

उहाँपछि पुनः वर्तमान रूप प्रदान गर्नमा सफल हुनुभएका भारतीय पुरातत्त्व विभागका अध्यक्ष सर जॉन मार्शलको कठिन परिश्रमलाई कसैले बिर्सन सकिंदैन । उहाँको कार्यमा जंगलको व्यापक सफाइ, उत्खनन र स्मारकहरूको संरक्षण प्रमुख हुन आउँछ ।

यसरी १९ सौं शताब्दीमा, भारतमा ब्रिटिश शासनकाल अन्तर्गत नै महान् पुरातत्त्वविद् जनरल अलेक्जेण्डर कनिंघमले विभिन्न बौद्ध-तीर्थ स्थलहरूको अन्वेषण एवं उत्खनन कार्य गर्नु भई बुद्ध धर्ममा परिरहेको आवरणहरूलाई हटाई बुद्ध धर्मलाई विश्वको सामुन्ने ऐतिहासिक प्रामाणिकताकासाथ सुपरिचित गराउन निकै सफल हुनुभएको थियो । ■

*सन्दर्भ -*

*१) बौद्ध धर्म और विहार - श्री हवलदार त्रिपाठी 'सहृदय' - विहार राष्ट्रभाषा-परिषद, पटना-१९६०*

*२) नेपालमा पुरातत्त्व - साफल्य अमात्य, साझा प्रकाशन-२०३६*

*३) नेपालमा बौद्ध धर्म - भुवनलाल प्रधान - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान - २०४५*

*४) लुम्बिनी, छगू ऐतिहासिक विवेचना - भिक्षु सुदर्शन -*
*तिर्थमुनी शाक्य, नानी शाक्य, केलटोल, कान्तिपुर, लुम्बिनी वर्ष-१९७९*

*५) कुशीनगर दिग्दर्शन - भावगतसिंह एम.ए. - श्रीमती सावित्री सिंह, कुशीनगर १९८८*

*६) सारनाथ - वासुदेव शरण अग्रवाल - भारतीय पुरातत्त्व विभाग, दिल्ली-१९५८*

*७) साँची - श्रीमती देवला मित्र - भारतीय पुरातत्त्व विभाग, दिल्ली-१९६८*


*८) अग्रश्रावक सारिपुत्र-मौद्गल्यायन तथा साँची - भदन्त आनन्द कौशल्यायन, धर्मोदय सभा, कालिम्पोङ्ग-१९५१*

## बुद्ध वचनहरू

★ **विना विचारले कसैले न्याय गर्न खोज्छ भने त्यो न्यायाधीश होइन। जुन पण्डितले साँचो र झूठो दुवैको निर्णय गरी विचारपूर्वक पक्षपात नराखी न्याय गर्छ, उसलाई धर्म रक्षा गर्ने साँच्चिको न्यायाधीश भनिन्छ ।**

★ **धेरै बोल्ने गर्दैमा पण्डित बनिन्न, जो क्षमाशील, अवैरी तथा भयरहित छ, त्यसलाई पण्डित भनिन्छ ।**

★ **जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमनादि गुण छ, त्यस व्यक्तिलाई निर्मल भइसकेको धीर पुरुष तथा स्थविर भनिन्छ ।**



# मति राम्रो भए गति राम्रो हुन्छ

✍ **श्यामलाल चित्रकार**
*'परियत्ति सद्धम्म कोविद'*

कवितामा धम्मवती गुरुमां छन्द काव्य उत्सवमा ।
यो हो एउटा थप आयाम ल्याउन धम्म प्रकाशमा ।
उभिए एक अज्ञानी शिष्य हजुरहरूको माझमा ।
गर्न कोटी कोटी वन्दना राख्न सधैं सम्झनामा ॥१॥

सोमनस्स सहगत ञाण सम्पयुक्त असंखारिक ।
अलोभ, अद्वेष अमोह जन्मिन पाउनु त्रिहेतुक ।
नाम जस्तै काय वाक मन सिद्ध गणेश कुमारी ।
दुःख कष्ट झेली म्यानमार पुगिन् नेपाली छोरी ॥२॥

पाँच सन्तानमा एक्ली छोरी सुखमा हुर्केकी ।
धर्म संवेगको शक्ति देखाउन उदाहरण बनेकी ।
दाउरा पानी झाडु बढार गरेर ननरीमा पढेर ।
शासनधज धम्मचरिया भइन् संकल्प गरेर ॥३॥

कबाय पाषाण गुफामा भव्य दीक्षान्त समारोह ।
नेपाली चेली सुनेर पुलकित भदन्त तिलोकसार ।
चत्तानी मन कठिन साहसी जङ्गल यात्रा सुनेर ।
तमीछेत् तयार भयो सबैको स्नेही बनाएर ॥४॥

पिङ्गलाचार्य जस्ताले त्यहाँ देखे सुनेको भए ।
अनौठो हुने होइन छन्द महाकाव्य तयार भए ।
बाल्मिकी तुल्सीदास भानुभक्त रामायण जस्तै ।
जन जन बाट मुखरित हुने हो धम्मायण उस्तै ॥५॥

दुई सहपाठी सहित नेपाल फर्किन धम्मवती ।
क्रान्तिको बिकुल फुकी बुद्ध शासन झण्डा बोकी ।
महिला माथिको चरम भेदभाव अशिक्षा र दबाव ।
बाँच्न सिकाइन् इज्जतसाथ भई स्वतन्त्र मानव ॥६॥

गृहस्थी त्यागी सबैलाइ चाहिने आवास आधार ।
मनुष्यत्व बीज धर्म प्रचार गर्न चाहिने विहार ।
दुई वर्ष सम्मको अथक प्रयास र सबैको धर्मले ।
स्थापित भयो श्रीघःमा विहार धर्मकीर्ति नामले ॥७॥

त्यहाँबाट पञ्चरङ्गी रश्मि फैलिन्दै रह्यो चारै तिर ।
शिष्य शिष्याहरू बढ्दै गए विहारहरू सबतिर ।
विभिन्न अनगिन्ति धार्मिक कार्यहरू हुँदै गए ।
समाजमा व्याप्त कुरीति अन्धविश्वास घट्दै गए ॥८॥

राहुललाई बुद्धको छाँयानै शितल शिक्षा शिलन ।
शीलाचरण युक्त गुरुमां जीवन रूपान्तर बाहन ।
उहाँको योगदान अपार मुल्याङ्कन उच्च शिखर ।
कृतज्ञ भई अनुशरण गर्ने धन्य जीवन बिचार ॥९॥

बुद्धले सिकाउने तेरो मेरो होइन हामी सबैको ।
जहाँसुकै सधैं सबैलाई लागु हुने नित्य धर्मको ।
मनै सर्बशक्तिमान सर्ब ब्यापी नतिजा दिने मनै ।
धम्मवती गुरुमांको अभियान शुद्ध बनाउने मनै ॥११॥

बुद्ध शिक्षा तीन भागमा सूत्र विनय अभिधम्म ।
रूप चित्त चैतसिक ध्यान हो विषय अभिधम्म ।
सूक्ष्म गहन विषयलाई व्यवहारिक सरल ढङ्गले ।
विदुषी धम्मवती गुरुमांको बिषेशता बुझाउने ॥११॥

बुद्ध धर्म संघ मातापिता आचार्य गुण अनन्तो ।
मैत्री करूणा मुदिता उपेक्षा नैतृत्व गुण सम्पन्नो ।
आध्यात्मिक आदर्श धम्मवती गुरुमां जय होस् ।
उहाँको यस कीर्ति अनन्त कालसम्म फैलिरहोस् ॥१२॥

# भिक्षुणी डा. धम्मवती गुरुमांको ९३ औं शुभजन्मोसबको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठ

*बि.सं. २०८३ श्रावण ८-१५*

*स्थान- धम्महल, धर्मकीर्ति विहार*

धर्मकीर्ति विहारका संस्थापिका, शासनधज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित, महासद्धम्म जोतिक धज भिक्षुणी डा. धम्मवती गुरुमांको ९३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा धर्मकीर्ति विहार परिवारले उहाँको सुस्वास्थ्य एवं निरोगी कामना गरी श्रावण ८ देखि १५ गतेसम्म विभिन्न कार्यक्रमहरू सञ्चालन गरी पुण्य सञ्चय गरियो ।

**१) भिक्षु महासंघबाट अभिधर्म पाठ र धर्मदेशना**

मिति २०८३ श्रावण ८ गते देखि १४ गतेसम्म भिक्षु महासंघबाट श्रद्धेय धम्मवती गुरुमांको आयुआरोग्य एवं दीर्घायु कामना गर्नुहुँदै अभिधर्म पिटकका ७ वटा ग्रन्थहरू पाठ गर्नुका साथै सम्वन्धित पाठहरूको विषयमा प्रत्येक दिन धर्मदेशना पनि गर्नुभएका थिए ।

**२) महायानी गुरुहरूबाट मंगलपाठ**

श्रावण १५ गते महायानी गुरुहरूबाट धम्मवती गुरुमांको सुस्वास्थ्य एवम् मंगल कामना गरी मंगल पाठ गर्नुभएका थिए । यसदिन गुरु ल्हारक्याल लामाज्यूबाट धर्मदेशना भएको थियो ।

**३) वज्रयानी गुरुमां एवं गुरुमांजुहरूबाट मंगलपाठ**

यसरी नै वज्रयानी गुरुजु एवम् गुरुमांजुहरूबाट पनि मंगलपाठ गर्नु भएका थिए भने डा. नरेश वज्राचार्यबाट धर्मदेशना भएको थियो ।

**४) दान प्रदान**

यस साप्ताहिक कार्यक्रममा सहभागी हुनुभई धम्मवती गुरुमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुभएका सम्पूर्ण भन्ते एवम् प्रव्रजित गुरुमांहरू, महायानी गुरुहरू, वज्रयानी गुरुजुहरू र गुरुमांजुहरूलाई भिक्षुणी धम्मवती गुरुमांले दानप्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा धर्मकीर्ति विहारका आवासिय प्रव्रजित गुरुमांहरू लगायत उपासक उपासिकाहरूले पनि यथाश्रद्धा दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए । यसको साथै महायानी गुरुहरूबाट पनि भिक्षुणी धम्मवती गुरुमां लगायत धर्मकीर्ति विहारका आवासिय प्रव्रजित गुरुमांहरूलाई खाडा ओढाई दान प्रदान गर्नुभएका थिए ।

**५) ज्ञानमाला भजन प्रस्तुत**

भिक्षुणी डा. धम्मवती गुरुमांको ९३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट साप्ताहिक ज्ञानमाला भजन प्रस्तुत गरियो । यस साप्ताहिक कार्यक्रममा हरेक दिन श्रद्धेय जवनवती गुरुमांबाट बुद्धपूजा कार्यक्रम सञ्चालन गरिएको थियो ।

**६) साप्ताहिक अभिधर्मपाठ र आठौं दिनको मंगलपाठ**

| क्र. सं. | २०८३ साल श्रावण | पाठ | धर्मदेशना गर्नुहुने श्रद्धेय भिक्षु गण |
|---|---|---|---|
| १ | ८ गते शुक्रबार | धम्मसङ्गणी | सयादो उ सुजनपिय अनुवाद- गुरुमां निर्मलञाणी |
| २ | ९ गते शनिबार | विभङ्ग | भिक्षु बोधिज्ञान महास्थविर |
| ३ | १० गते आइतबार | धातुकथा | भिक्षु निग्रोध महास्थविर |
| ४ | ११ गते सोमबार | पुग्गल पञ्ञति | भिक्षु सोमरत्न महास्थविर |
| ५ | १२ गते मंगलबार | कथावत्थु | भिक्षु पियदस्सी महास्थविर |
| ६ | १३ गते बुधबार | यमक | भिक्षु कौण्डञ्य महास्थविर |
| ७ | १४ गते बिहिबार | पट्ठान | भिक्षु पञ्ञासार महास्थविर |
| ८ | १५ गते शुक्रबार | मंगलपाठ | महायानी गुरु ल्हारक्याल लामा, वज्रयानी गुरु डा. नरेश वज्राचार्य |



### ७) साप्ताहिक अभिधर्मपाठ कार्यक्रमका भोजन र जलपान दाताहरू

**भोजन दाताहरू –**

- ललिता सिद्धि कंसाकार, कालिमाटी
- तता पुचः धर्मकीर्ति विहार
- राजेश, शोभा श्रेष्ठ परिवार, सीतापाईला
- पुलां पुचः, धर्मकीर्ति विहार
- क्यहैं पुचः, धर्मकीर्ति विहार
- पूर्णहेरा पुचः, धर्मकीर्ति विहार
- कीर्तिमैंया पुचः, धर्मकीर्ति विहार
- महेश्वर, प्रकाश श्रेष्ठ सपरिवार, जयबागेश्वरी
- वीर्यवती गुरुमां द्वितीया पुचः, धर्मकीर्ति विहार

**जलपान दाताहरू –**

- पद्मतारा, चित्तलक्ष्मी, केशावती गुरुमां, श्रद्धाचारी गुरुमां, निर्मला, समीर
- अनिता, दानवती गुरुमां, प्रतिमा, विद्यासागर
- सुमना, अनिता, संगीता, चुनुशोमा, अष्टमाया
- शाक्यमुनी कीर्ति विहार परिवार, समुद्रदेवी, राधिका, धर्मकीर्ति बसुन्धरा विहार परिवार, सुलक्षणकीर्ति विहार परिवार
- चन्द्रहेरा, माया, धर्मकीर्ति मिजंपुचः
- रत्नवीर, तुलसी, धम्मविजया गुरुमां
- कीर्तिमैंया पुचः, धर्मकीर्ति महेश्वर प्रकाश, रचेत खनाल, सुवण्णवती, गुरुमां, सुचिता, सुजाता
- नन्दकुमारी, लक्ष्मी, त्यागवती गुरुमां, शुभवती गुरुमां, अरुणसिद्धि । ■



# मरणानुस्मृति भावना

*मूल पालि-* **नेपाली सम्यक सम्बोधि प्राणपुत्र**
*नेपाली, नेपाल भाषा-* **प्रदिप शाक्य 'घोषक'**

फय् वईगु ईलय, मत सिना वनिथें
आयु कर्म सिघया, मृत्यु प्राप्त जुईगु
मे मे पिं प्राणी, सिना वनिगु थें
जि नं अवश्य सिना वने मानिगु ॥१॥

बिजुली च्याई थें, लप्वः चा फुति थें
सितु घाँसय् जहाँ थिईगु, खसुति फुति थें
पलख नं मच्युसें, द्यो निभा बिईथे,
जन्मलिसें प्राणी, मृत्युपाखे न्त्याईगु ॥२॥

कल्पनाय् योजनाय्, मन भुले जु जुँ,
दुर्घटना ल्वय् आदि, तोह तयाः,
शिकारी नं शिकारया, लँ स्वया च्वँ थैं,
गु गु ईलय, गनथाय, मृत्यु न्त्याः वइगु ॥३॥

वैज्ञानिक व्यापारी, दार्शनिक नेता,
समृद्धवान् पुण्यवान, योगी अरहन्त
ऋद्धिवान्, सम्बुद्धनापं, सिना वनेमाः धासा,
जि थें जाम्ह मसिइगुला, खँ हे छु ल्हायेगु ? ॥४॥

अल्पायु पशुपंक्षी, दीर्घायु ब्रह्मा,
दुःख, दरिद्र, प्रेत, भोगी यक्ष देव
मिसा मिजँ मचाखाचा ल्याय्म्ह ल्यासे बुरा बुरी,
मरण धर्मं नष्ट याई, सुयात हे मपाकुसें ॥५॥

साधु ! साधु !! साधु !!!

## क्षण भंगुर संसार

राग नजगाउनु र नराम्रो मानेर पनि यसप्रति द्वेष नगर्नु । आसक्ति नजागुन् । अनासक्त भावले यो संसारमा जिउनु छ, सारा कर्तब्य पूरा गर्नुछ, सारा काम पूरा गर्नुछ । कुनै पनि अवस्थामा आसक्ति गर्न थालियो भने दुखी हुनेछ । त्यसैले धर्म सिक्दैछौं । कुनै शोध-अनुसन्धान गर्नका लागि काम गरिरहेको होईन । यो शरीरमा भित्र के के हुन्छ भनेर जान्नको लागि पनि यो काम गरिरहेको होईन । कसैले शरीर भित्र यस्तो बुदबुदे नै बुदबुदे छन्, यो के हो थाहा पाऊँ, यी तरंग भनेको के हो ? यी कुरा जान्नका लागि पनि यो अभ्यास गरिरहेको होईन । अनुभवद्वारा यी कुराहरू जान्न थाल्यौं भने यसले चित्तलाई निर्मल गर्दै लानेछ । चित्त विकारहरूबाट मुक्त हुन्छ । यसरी विकार मुक्त हुन थाल्यो भने जिउन सिक्दछ । धर्ममा जति-जति पुष्ट हुन थाल्छ जीवन जिउने विद्या सिक्दछ । धर्ममा पुष्ट हुँदै गयो भने शील, समाधि र प्रज्ञामा पुष्ट हुँदै जानेछ । उसको मंगल नै मंगल हुनेछ । कल्याण नै कल्याण हुनेछ । उसको मुक्ति नै मुक्ति हुनेछ ।

*साभार- बुद्ध वर्ष २५६५, २०७८ माघ, वर्ष ४१, अङ्क ११*

# धर्मकीर्ति ज्ञानमाला भजन गतिविधि

*२०८३ श्रावण ८-१५ गते*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*
*प्रस्तुति- प्रेमलक्ष्मी तुलाधर*

(१) श्रद्धेय डा. धम्मवती गुरुमांको ९३ औं जन्मोत्सवको शुभउपलक्ष्यमा उहाँ गुरुमांको आयुआरोग्य, निरोगी एवं दीर्घायु कामना गरी धर्मकीर्ति विहार परिवारले साप्ताहिक अभिधर्मपाठ कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा श्रद्धेय भिक्षु महासंघबाट ७ दिनसम्म (श्रावण ८ देखि १४ गतेसम्म) अभिधर्मपाठ र धर्मदेशना भएको थियो । आठौं दिन श्रावण १५ गते श्रद्धेय महायानी गुरुहरू र वज्रयानी गुरुजूहरू र गुरुमांजुहरूबाट मंगलपाठ गर्नुभई मंगल कामना गर्नुभएका थिए ।

यही क्रममा धर्मकीर्ति ज्ञानमाला भजन समूहले ८ दिनसम्म गुरु पन्नाकाजी शाक्यको नेतृत्वमा ज्ञानमाला भजन प्रस्तुत गरी श्रद्धेय धम्मवती गुरुमांको सुस्वास्थ्य, निरोगी एवं दीर्घायु कामना गरियो ।

श्रावण १३ गते गुरुपूर्णिमाको दिन श्रद्धेय धम्मवती गुरुमां एवं भजन गुरुहरूलाई गुरु पूजा गरी पुण्य सञ्चय गरियो ।

श्रावण १५ गते ज्ञानमाला भजन स्वयम्भूबाट भजन प्रस्तुत गरियो । ज्ञानमाला भजन स्वयम्भूका अध्यक्ष पूर्णकाजी ज्यापुबाट पूज्य धम्मवती गुरुमांलाई बुद्धमूर्ति अर्पण गरी पुण्य सञ्चय गरियो भने श्रद्धेय धम्मवती गुरुमांबाट पनि उहाँलाई खाडा ओढाई उपहार प्रदान गर्नुभएको थियो ।

यस कार्यक्रममा चियापानको व्यवस्था मिलाउन आर्थिक सहयोग गर्नुहुने दाताहरू –

प्रतिमा, लक्ष्मी, ऐश्वर्य, सुनहेरा, नानीछोरी, सानुमैंया, लक्ष्मी महर्जन, चक्रहेरा, केशरी, अष्टमाया, सुभद्रा, गंगा र सरीता आदि ।

आर्थिक सहयोग गर्नुहुने दाताहरू –
- धम्मवती गुरुमां - रु. ५,०००/–
- मैंया प्रजापति - रु. १०००/–
- कीर्ति  मैंया सिं - रु. १०००/–

● खर्च : गुरुपूजा र चिया आदि खर्च रु. १३,०००/–

(२) २०८३ श्रावण २८ गते, मुसुंवहाः ।

गुंला धर्मदेशनाको उपलक्ष्यमा मुसुंवहाः टोल, सुधार समिति र मिसा पुचःको निमन्त्रणामा धर्मकीर्ति बौद्ध ज्ञानमाला  भजन प्रस्तुत गरियो ।

भजन सचिव प्रेमलक्ष्मी तुलाधर र भजन गुरु पन्नाकाजी शाक्यबाट कार्यक्रम आयोजक परिवारलाई खाडा ओढाई सम्मान गर्नुभयो भने आयोजक परिवारले पनि भजन परिवारका सदस्यहरूलाई खाडाद्वारा नै सम्मान गरियो । आयोजक परिवारले भजन समूहलाई सहयोग स्वरुप रु. ४०००/– आर्थिक सहयोग प्रदान गरी पुण्य सञ्चय गरियो ।

● खर्च रु. १४५०/–


## गुरु पूजा

वंगु २०८३ असार १३ गते बुधबार कुन्हु श्रद्धेय डा. धम्मवती गुरुमां सहित धर्मकीर्ति विहारया सकल गुरुमांपिन्त गुरु हने ज्याभ्वः क्वचाःगु जुल ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् जुया वयाच्वंगु थुगु ज्याभ्वः थुगुसिइ नं जूगु खः । गोष्ठीया मू दुजः केशब डंगोलया संयोजकत्वय् जूगु थुगु ज्याभ्वलय् अध्ययन गोष्ठी पाखें प्रेसरकुकर वस्तु दान याःगु खः ।

श्रद्धेय डा. धम्मवती गुरुमां नं ओवाद बिइगु भ्वलय् मनूतसें थःत गुण यानातःपि सुयातं गबलें ल्वःमंके मज्यू धया बिज्यासे गुरु हनेगु धयागु नं थःत गुणयाना तःपिन्त लुमंकेगु हे ज्या खः धया बिज्यात । नापं उपस्थित सकसितं आयु आरोग्य लागि आशीर्वाद बिया बिज्यात ।

उगु ज्याभ्वःयात ग्वाहाली याना दिइपिं सकसितं अध्ययन गोष्ठी पाखें सुभाय् देछ्यागु दु ।
उगु ज्याभ्वः गोष्ठीया सचिव मचाकाजी महर्जनं न्ह्याकूगु खःसा संयोजक केशब डंगोलजुं सुभाय् देछ्याना दिइगु खः ।



## न्हिच्छियकं अभिधर्मपाठ

*२०८३ श्रावण १ गते, शुक्रबार*

*स्थान- धम्महल, धर्मकीर्ति विहार*

उपासिका कृष्णदेवी मानन्धर कुलेश्वरया पुण्य स्मृतिस वय्‌कःया सुगति व निर्वाण कामना यासे म्ह्याय्‌पिं स्वम्ह गीता मानन्धर, मीरा मानन्धर व निरा मानन्धरया ग्वसालय् धर्मकीर्ति विहार धम्महलय् श्रद्धेय डा. धम्मवती गुरुमांया नेतृत्वय् प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छियकं अभिधर्मपाठ व धर्मदेशना सम्पन्न जूगु दु । ज्याभ्वलय् श्रद्धेय डा. धम्मवती गुरुमांनं अभिधर्म विषये धर्मदेशनायाना बिज्याःगु खः । अभिधर्मपाठया ज्याभ्वः लिपा श्रद्धेय गुरुमांपिन्त दातापरिवारपिसं यथाश्रद्धा दान-प्रदान यानाः, जलपान भोजनया प्रायोजन यासे पुण्य सञ्चय यानादीगु खः । ज्याभ्वःया अन्त्ये मदुम्ह उपासिका कृष्णदेवी मानन्धरया सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानाः ज्याभ्वः क्वचायकूगु खः । थुगु ज्याभ्वःया तालिका थुकथं दु –

**अभिधर्मपाठ ज्याइवः तालिका**

| क्र. सं. | पाठ | पाठयानादीपिं श्रद्धेय गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | धम्मवती, अनुपमा, इन्दावती, ध्यानवती |
| २ | विभङ्ग | श्रद्धावती, वीर्यवती, वण्णवती |
| ३ | धातुकथा | केशावती, खेमावती, करुणावती |
| ४ | पुग्गलपञ्ञति | खमेसी, सुनन्दावती, प्रीतिवती |
| ५ | कथावत्थु | मेत्तावती, अम्बिका, सुमना |
| ६ | यमक | दानवती, त्यागवती, श्रद्धाचारी |
| ७ | पट्ठान | जवनवती, शुभवती, अमता |

## २६१५ औं धर्मचक्र प्रवर्तन दिवस

*२०८३ श्रावण १३ गते*

*स्थान- धम्महल, नगदेश बुद्धविहार*

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा यसदिन २६१५ औं धर्मचक्र प्रवर्त्तन दिवस मनाइएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त दिन कार्यक्रमको शुरूमा नगदेश ज्ञानमाला भजन समूहद्वारा ज्ञानमाला भजन प्रस्तुत गरियो । सो पश्चात् शील प्रार्थना, बुद्धपूजा, सम्पन्न भएपछि समूहका अध्यक्ष कृष्ण कुमार प्रजापतिले असार पूर्णिमा एवं गुरुपूर्णिमाको महत्वबारे चर्चा गर्नुभएको थियो ।

मन्तव्यको क्रममा उहाँले यही गुरुपूर्णिमाकै दिन शाक्यमुनी बुद्धले बुद्धगयाको बोधि वृक्ष मुनि प्राप्त गर्नुभएको बोधिज्ञानलाई सर्वप्रथम सारनाथको मृगदावनमा रहँदै आउनुभएका पञ्चभद्रवर्गियहरूलाई बताउनु भई धर्मचक्र चलाउनु भएको विषयलाई प्रस्तुत गर्नुभयो । त्यसैले यसलाई नै “धर्मचक्र, प्रवर्त्तन” को रूपमा उल्लेख गरियो । यसरी धर्मचक्र प्रवर्तन भएको यस दिन २६१५ वर्ष भईसकेकोले यसलाई २६१५ औं धर्मचक्र प्रवर्तन दिवसको रूपमा लिइएको जानकारी दिनुभयो ।

स्मरणिय छ प्राप्त समाचारमा उल्लेख भएअनुसार उक्त दिन नगदेश बुद्धविहारका उपासक दाताहरू बाबुकाजी दुवाल र लक्ष्मीभक्त धजुले प्रदान गर्नुभएको ६ फिट अग्लो फाइवरको बुद्धमूर्ति नगदेश बुद्ध विहारको माथिल्लो तल्लाको पूर्वी मोहडाको कौशीमा स्थापना गरिएको र श्रद्धालु दाता नवीन प्याथःले प्रदान गर्नुभएको भगवान् बुद्धको सिंह शैय्यामा लेटी आराम गरिराख्नुभएको फाइवरको मूर्ति विहारको उत्तरपट्टीको कौशीमा स्थापना गरी श्रद्धेय भिक्षु धम्मशोभन महास्थविरबाट अनावरण र समुद्घाटन गरियो ।

कार्यक्रममा बुद्धमूर्ति दान गर्नुहुने दाताहरूको आयुआरोग्यको कामना गरी उहाँहरूको उत्तरोत्तर प्रगतिको कामना गरियो ।

**बुद्ध वचनहरू**

★ **जसको पाप कर्मलाई पुण्य कर्मले ढाक्छ, त्यसले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ।**

★ **केश फुल्दैमा स्थविर (जेठो) भनिन्न, उसको आयु परिपक्व होस् व्यर्थै जीवन गुमाउने बूढा भनिन्छ ।**

## शनिवारीय विशेष कक्षा जितवन विहारय्

वंगु न्हि ल्याः ११४६ दिल्लागा तृतीया (२०८३ श्रावण १६ गते) शनिवाः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् शनिवारीय विशेष कक्षा व मेमेगु ज्याभ्वः थानकोट स्थित जितवन विहारय् क्वचाल ।

जितवन विहारया प्रमुख श्रद्धेय अशोक महास्थविर, श्रद्धेय सोमरत्न स्थविर, श्रद्धेय इन्दावती गुरुमां, श्रद्धेय श्रद्धाचारी गुरुमां सहित मेमेपिं भन्तेपिं व गुरुमांपिं नापं उपासक उपासिकापिनिगु उपस्थिति जूगु ज्याभ्वःया न्हापांगु चरणय् श्रद्धेय अशोक भन्तेपाखें शील ग्रहण, बुद्धपूजा जूगु खः । अनं लिपा श्रद्धेय सोमरत्न भन्ते नं उपदेश बिया बिज्याय्गु भ्वलय् गोष्ठीया अर्थ कना बिज्यासे थ्व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी नं सकले मुनाः धर्मया अध्ययन यायेत थ्व गोष्ठी दयेका तःगु कना बिज्यात । वयां लिपा स.प्रा. मदन रत्न मानन्धरजुं अभिधर्मपिटकया बःचाहाकःगु म्हसिका धैगु विषयस कक्षा कया दिइगु भ्वलय् अभिधम्मपिटकया न्हेगू ग्रन्थय् छु छु विषय उल्लेख जुयाच्वंगु दु धैगु बारे कनादिसे छुं नं विषयस अध्ययन यायेबलय् शब्द शुद्ध जुइक उच्चारण यायेमाःगु व उकिया अर्थ नं थुइकेमाः धैगुलिइ बः बियादिल ।

बुद्धपुजा लिपा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सचिव मचाकाजी महर्जनजुं अध्ययन गोष्ठीया बारे परिचय बियादिइगु खः ।

ज्याभ्वःया निगूगु चरणय् अभिधर्मपिटक सम्बन्धी भचा अप्वः सयेके सिइके दयूक अभिधर्मपिटकया बारेया कक्षा निरन्तरता बियादिइगु खः ।

उगु ज्याभ्वलय् भाजु सोभियत रत्न तुलाधर नापं सहभागी जुया दिइपिंसं थःगु नुगः खँ तया दिइगु खः ।

ज्याभ्वःया लिपांगु ब्वय् छगू ज्ञानवर्धक व शिक्षामूलक 'खुरुखुरु न्ह्यसः सुरुसुरु सिरपाः' धैगु ज्याभ्वः जूगु खः ।

ज्याभ्वःया न्हापांगु ब्व अध्ययन गोष्ठीया दुजः सुमित्रा तुलाधरजुं न्ह्याका दिइगु खःसा निगूगु ब्व छयाञ्जे भाजु मचाकाजी महर्जनं अले खुरुखुरु न्ह्यसः सुरुसुरु सिरपाः ज्याभ्वः धर्मकीर्ति विहार संरक्षण कोषया ल्यू दाँभरि अरुण सिद्धि तुलाधरजुं न्ह्याकादिइगु खः ।

ज्याभ्वःया अन्तय् गोष्ठीया दुजः व संयोजक मय्जु अञ्जना तारा तुलाधरजुं सुभाय् न्वचु बियादिइगु खः । ■

## डा. त्रिरत्न मानन्धरजुयात हन ज्याज्वः जुल

वंगु ने.सं. ११४६ दिल्लागा दशमी (२०८३ श्रावण २३ गते) शनिबाः खुन्हु डा. त्रिरत्न मानन्धरजु लुम्बिनी बौद्ध विश्वविद्यालय पाखें सम्बन्धन प्राप्त थेरवाद बुद्धिष्ट एकेडमीया प्राचार्य जुया दिइगुया लसताय् भिंतुना देछायेगु ज्याभ्वः धर्मकीर्ति विहारया धम्महलय् क्वचाःगु जुल ।

वय्कलं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् बुद्ध शिक्षा प्रदान व प्रचारप्रसार यायेगु तातुनाः शनिवाः पतिकं सुथय् न्ह्याका वया च्वनागु शनिवारीय कक्षाय् लय् छक्वः (प्यक्वःगु शनिवाः) विशुद्धि मार्गया कक्षा कयावया च्वना दिइगु खः । वय्कलं थ्यंमथ्यं झिदँ न्ह्यः निसें कया वयाच्वना दिइगु विशुद्धि मार्गया कक्षा नं उगु हे दिनय् क्वचायेका दिइगु खः ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उपाध्यक्ष श्रद्धेय इन्दावती गुरुमां नं हनापौ देछासे वय्कःया कार्यकालय् नेपाःया थेरवाद बुद्धधर्म अझ च्वन्ह्याकाः बुद्धधर्मया दुग्यःगु शिक्षा मदिक्क न्यनाच्वने दयेमा धर्मया रसपान याकेत पलाः मदिक्क न्ह्याका च्वने फयेमा धैगु मनंतुसे मैत्रीपूर्ण साधुवाद देछागु जुल ।


उगु ज्याभ्वलय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उपाध्यक्ष लोचनाता तुलाधरजुं वय्कःया जीवनी न्ह्यब्वया दिइगु खःसा धर्मकीति विहार संरक्षण कोषया ल्यू छ्याञ्जे डा. रिना तुलाधर बनियाजुं बुद्धधर्मय् वय्कःया योगदान बारे नुगः खँ तया दिसें डा. त्रिरत्न मानन्धरयागु त्याग, तपस्या व मेहनतया कदर यासे वय्कःयात हे प्राचार्य पदय् ल्ययादिइगु खँ कना दिल ।

सम्मानित जुया दिइम्ह डा. त्रिरत्न मानन्धरजुं थःगु नुगः खँ तयेगु भ्वलय् थ्व प्राचार्य पद अप्रत्यासितरुपं कायेमाःगु खँ कनादिल । श्रद्धेय निग्रोध महास्थविर भन्तेयागु व सकलसिगु इनापयात स्वीकार यासे छुं याये धैगु बिचाःयाना थ्व पद कयागु व बुद्धशासनया लागि छुं यायेदुगु गौरव ताःगु खँ कना दिल ।

वय्कः वंगु २०८३ असार २३ लुम्बिनी बौद्ध विश्वविद्यालय पाखें सम्बन्धन प्राप्त थेरवाद बुद्धिष्ट एकेडमीया प्राचार्य पदय् नियुक्ति जुया दिइगु खः । ■



# Victory Over Mara : Psychic Power and Defeated Verses



✍ **Lekh Ratna Shakya**

A fierce elephant was a Mara
Its name was "Girimekhala"
Lead with carrying all mara
And surrounded by his trooks
To the meditated Siddhartha

Mara carried thousands of weapon arms
Attacked from all around by the mars,
But the Lordin meditation had conquered
His hidden generosity show more violent than mara
By that power, Mara fierce attacks converted into the joyous.

When Mara attacked to the meditated Shiddhartha
He conquered to all Maras surrounded to him
Seated in strong meditation with patiecnce and self control
By this power his efforts came into joyous victory,
He showed the greatest lovig kindness to all Maras.

The Mara were terrible fearsome,
They were all fearsome murderer,
Even they were more fearsome than Angulimala,
But Siddhartha who had not yet attain enlightenment,
He had shown his psychic power and defeated him

When Buddha was in a Sangha teaching,
Appearing a pregnant woman in front of Sangha,
She tried to defame to the Lord Buddha
Without Saying nothing and listening just blame,
Lord Buddha easily conquered her and public praised him.

Lord Buddha, Known as the wordly philosopher,
A renowned debater (Saccaka) began to debate with Buddha.

Blindly entered into the debate carriying untruth for the truth,
The Saccakafailed in debate the Buddha conquered him,
With the lighted wisdom and power he reached in joyous victory.



पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4228625 / 4244173

बिश्व मोटर ट्रेडर्स
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# दि. उपासिका कृष्ण देवी मानन्धरया पुण्य स्मृतिस ग्वसाः ग्वःगु ज्याझ्वले अभिधर्म पाठ जुयाच्वंगु



धर्मदेशना याना बिज्यास्य श्रद्धेय भिक्षुणी डा. धम्मवती गुरुमां





धम्मसङ्गणी पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं धम्मवती, अनुपमा, ईन्दावती व ध्यानवती




विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं वीर्यवती, श्रद्धावती व वणणवती




धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं केशावती, खेमावती व करुणावती



पुग्गलपञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं खमेसी, सुनन्दावती व प्रीतिवती



कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं मेत्तावती, अम्बिका व सुमना



यमक पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं दानवती, त्यागवती व श्रद्धाचारी



पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं जवनवती, शुभवती व अमता

बा.अ.का.द.नं. - ७०/०४०/४१ | म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८२/०८३)

# श्रद्धेय भिक्षुणी डा. धम्मवती गुरुमांको ९३ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा आयोजित साप्ताहिक अभिधर्म पाठ कार्यक्रममा अभिधर्म पाठ श्रवण भइरहेको दृश्य



अभिधर्म पाठ श्रवण गर्ने क्रममा श्रद्धेय डा. धम्मवती गुरुमां र का.म.न.पा.का कार्यवाहक मेयर सुनीता डंगोल



अधिधर्म पाठ गर्नुहुँदै श्रद्धेय डा. धम्मवती गुरुमां














अभिधर्म पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू





अभिधर्म पाठ श्रवण गर्नुहुँदै श्रद्धालु उपासकोपासिकाहरू

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com